# भन्सार सुधार तथा आधुनिकीकरण रणनीतिहरू र कार्ययोजना

## (२०७४/७५ - २०७७/७८)




नेपाल सरकार

अर्थ मन्त्रालय

**भन्सार विभाग**

काठमाडौं, नेपाल

भाद्र, २०७५

# भन्सार सुधार तथा आधुनिकीकरण रणनीतिहरू र कार्ययोजना

## (२०७४/७५ - २०७७/७८)

नेपाल सरकार

अर्थ मन्त्रालय

**भन्सार विभाग**

काठमाडौं, नेपाल

भाद्र, २०७५

**आवरण पृष्ठः** *"प्रभावकारी सीमा व्यवस्थापनका लागि तथ्याङ्क विश्लेषण"* विषयको विश्व भन्सार संगठनबाट २०१७ मा सार्वजनिक भएको तस्वीर ।

नेपाल सरकार
अर्थ मन्त्रालय
भन्सार विभाग
त्रिपुरेश्वर, काठमाडौं, नेपाल

प.सं.:-
च.नं.:-

# मन्तव्य

भन्सार सुधार तथा आधुनिकीकरण रणनीति तथा कार्ययोजना (२०१७-२०२१) २०७३ माघमा नै प्रकाशन भई कार्यान्वयनमा आएको छ। उक्त कार्ययोजनाको नेपाली संस्करण अहिले प्रकाशन गर्न लागिएको छ। यस अवसरमा उक्त योजना तर्जुमामा संलग्न अर्थ मन्त्रलयका पदाधिकारीहरु, तत्कालिन भन्सार विभागका महानिर्देशकज्यू, विकास साझेदारहरु, सरोकारवाला र भन्सार विभागका कर्मचारीहरुप्रति आभार व्यक्त गर्दछु।

भन्सार विभाग योजनावद्ध विकासको पाँचौ चरणमा रहेको छ। व्यापार सहजीकरणका साथै भन्सार कानुनमा नीतिगत सुधार, स्वचालन प्रणालीको कार्यान्वयन र जोखिममा आधारित जाँचपास नै सुधारका मुख्य क्षेत्रहरु हुन्। यसका साथै कार्यरत जनशक्तिको विकास गर्दै मूल्याङकनलाई वास्तविक बनाउन विभाग केन्द्रित रहेको छ। अत:कार्ययोजना नेपाली भाषामा रुपान्तरण गरी प्रकाशनमा ल्याउदा यसमा रहेका रणनीति तथा कार्यक्रमहरुको स्थानीय स्तरका कार्यालय र सबै सरोकारवालाको पहुँच र अध्ययनको लागि सहज हुनेछ भन्ने मैले विश्वास लिएको छु। यस दस्तावेजले भन्सारका समग्र सुधारलाई विभाग र कार्यालय तहका क्रियाकलापलाई कार्यान्वयन गर्न र मार्गदर्शन गर्न समेत सहयोग पुऱ्याउनेछ भन्ने मैले ठानेको छु। अन्त्यमा अंग्रेजी संस्करणलाई नेपालीमा रुपान्तरण र प्रकाशन गर्ने सबै सहभागी पदाधिकारी र कर्मचारीलाई धन्यवाद दिन चाहन्छु।

**तोयम राया**
(महानिर्देशक)

टेलिफोन नं.: ९७७-१-४२५९७९३, ४२५९७९१, ४२५८३४५, ४२५९९१५, ४२५९३३२, ४२६६९८४, ४२५६७३८
फ्याक्स नं.: ९७७-१-४२५९८०८, एक्सचेन्ज नं.: ४२५९९४२, टोल फ्रि नं.: १६६००१२१२२३
इमेल: npdochq@customs.gov.np, it@customs.gov.np वेभसाइट: www.customs.gov.np

# विषय सूची

पृष्ठ नं.


| | | |
|---|---|---|
| **कार्यकारी सारांश** | | १ |
| १. | परिचय | ९ |
| २. | भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्य योजना (२०१७-२०२१) को औचित्य | १३ |
| ३. | दूरदृष्टि, गन्तव्य, मान्यता र निर्देशक सिद्धान्तहरु | १५ |
| ४. | भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्ययोजना (२०१७-२०२१) नतिजा ढाँचा | १७ |
| ५. | रणनीतिहरु र महत्वपूर्ण क्रियाकलापहरु | १९ |
| | रणनीति १ः व्यापार सहजीकरण | १९ |
| | रणनीति २ः सदाचार र सुशासन प्रवर्द्धन | २० |
| | रणनीति ३ः भन्सार स्वचालन र तथ्याङ्क भण्डारणको व्यवस्थापन | २० |
| | रणनीति ४ः  जनशक्ति व्यवस्थापन र क्षमता विकास | २१ |
| | रणनीति ५ः पूर्वाधार निर्माण तथा भौतिक सुविधा वृद्धि | २२ |
| | रणनीति ६ः यात्रु जाँचपास सुधार | २२ |
| | रणनीति ७ः यथार्थ राजस्व सङ्कलन | २२ |
| | रणनीति ८ः सुदृढ अनुपालन व्यवस्थापन/स्वेच्छिक अनुपालन | २३ |
| | रणनीति ९ः विकसित जोखिम व्यवस्थापन | २३ |
| | रणनीति १०ः समाजको संरक्षण, सुरक्षा र प्रत्याभूति | २४ |
| | रणनीति ११ः समन्वयात्मक सीमा व्यवस्थापन | २४ |
| | जोखिम र पूर्वानुमानहरु | २५ |
| ६. | कार्यान्वयन | २५ |
| ७. | वित्तीय व्यवस्थापन | २६ |
| ८. | अनुगमन, प्रतिवेदन र मूल्याङ्कन | २७ |
| अनुसूची १ः | भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजनाको नतिजा ढाँचा | २९ |
| अनुसूची २ः | भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजनाको कार्यान्वयन योजना | ३४ |
| अनुसूची ३ः | बजेट अनुमान | ५३ |
| अनुसूची ४ः | भन्सार सुधार तथा आधुनिकीरण रणनीति एवं कार्ययोजना (२०१७-२१) को रणनीतिक कार्ययोजना | ५४ |

# कार्यकारी सारांश

## क. परिचय :

भन्सार विभाग आफ्नो प्रशासनलाई बढी दक्ष, सेवामूलक र पारदर्शी बनाउदै अगाडि बढिरहेको छ। आफ्नो भूमिकामा समयानुकूल सुधार गर्दै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कार्यक्षेत्रमा आएका परिवर्तनहरू र चुनौतीहरुको सामना गर्न आवश्यक एवम् आर्थिक विकासका लागि अपरिहार्य ठानिएको सुधारिएको कर सङ्कलनको माध्यमद्वारा सरकारी वित्तीय व्यवस्थामा सुधार गर्ने आफ्नो महत्वपूर्ण दायित्व निभाउन यो आवश्यक छ। भन्सार विभागले सन् २००३ देखि भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवम् कार्य योजनाको थालनी गर्दै आईरहेको छ। चौथो पञ्चवर्षीय योजना सन् २०१३ देखि शुरु भई १५ जुलाई २०१७ सम्म कार्यान्वयनमा रहेको थियो। यो भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवम् कार्य योजना पनि ६ जुलाई २०१७ देखि १५ जुलाई २०२१ सम्म ४ वर्षको अवधिलाई समेट्ने गरी तयार पारिएको छ।

## ख. प्रगतिः

भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवम् कार्य योजना २०१३-२०१७ का उपलब्धिहरु देहायवमोजिम छन् :




यो कार्ययोजना तयार गर्दा २५ प्रतिशत क्रियाकलापहरु योजनाबद्धरुपमा सम्पन्न भईसकेको र ५४ प्रतिशत कार्यान्वयनमा रहेकाछन। यसले प्रगतिको स्थिति ७९ प्रतिशत रहेको देखाउदछ।

## ग. औचित्यः

भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवम् कार्य योजना २०१३-२०१७ को औचित्य देहाय वमोजिम छ :

(१) आर्थिक समृद्धिको लागि निकासी पैठारी व्यापारलाई सहजीकरण गर्ने (२) संसोधित क्योटो महासन्धिका लागि गरिने मापदण्डहरुको सवल परिपालन गर्ने (३) भन्सार महसुल दरहरुको पुनर्संरचना गर्ने (४) भन्सारको लागि गरिने सार्वजनिक खरिदलाई सवल तुल्याउने (५) मानव श्रोत क्षमताको निर्माण गर्ने (६) भन्सारमा डाटावेश एकीकृत गर्ने (७) भन्सार मूल्याङ्कनलाई सुधार गर्ने (८) भन्सार जाँचपाँस पछिको परीक्षणलाई प्रभावकारी वनाउने (९) राजस्व चुहावट न्यूनीकरण गर्ने र (१०) संगठित योजनाको तयारी गर्ने।

## घ. दूरदृष्टिः

नेपालको आर्थिक एवम् सामाजिक समृद्धिमा सहयोग पुऱ्याउन भन्सारका सेवाहरु उत्कृष्ट वनाउने।

## ङ. <u>अभियानः</u>

सामाजिक-आर्थिक विकास, सामाजिक सुरक्षा एवं प्रत्याभूतिको लागि मैत्रीपूर्ण भन्सार नीतिहरुको अभिवृद्धिको सूनिश्चितता प्रदान गर्दै विश्व आर्थिक क्रियाकलापहरुको लागि प्रेरणादायी वातावरण निर्माण गर्न र सेवाग्राहीको समय र मूल्यको सम्मान गर्न हामी प्रयासरत छौ ।

मान्यताहरूः (१) इमान्दारिता र सत्यनिष्ठा, (२) निष्पक्षता, (३) प्रत्युत्तरदायी, (४) पारदर्शीता, (५) पारस्परिक सद्भाव र शिष्टाचार, (६). व्यवसायिकता, र (७). समर्पण एवं उत्कृष्टता ।

**निर्देशक सिद्धान्तहरूः** (१) अनुपालन लागत र समयावधि घटाउने, (२) वजारको न्यायसँगत सञ्चालनमा सहयोग गर्ने, (३) निकासी प्रबर्द्धनमा सघाउने, (४) जोखिममा आधारित अभिगमनलाई तीव्र पार्ने, (५) लगानीको लागि प्रेरक वातावरण स्थापित गर्ने, (६) सुदृढ वित्तीय ढाँचाको लागि यथार्थ कराधान, र (७) समन्वय ।

## च. नतिजा ढाँचाः

भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्ययोजनाको उद्देश्य नेपालको आर्थिक सम्वृद्धिको लागि प्रेरणादायी वातावरण निर्माण गर्नु हो ।

**<u>गन्तव्य (प्रभाव)</u> :**

प्रत्युत्तरदायी भन्सार प्रशासन : “२१ औ शताब्दीको सेवाग्राहीहरुको आवश्यकता प्रति जवाफदेही आधुनिक प्रशासनको रुपमा भन्सारको पहिचान गराउने ।”

| नतिजा | रणनीतिहरु |
|---|---|
| **<u>नतिजा १.</u>**<br>**<u>व्यवसायिक तथा प्रतिस्पर्धी भन्सार सेवाः</u>**<br>व्यापार सहजीकरण एवम् यात्रुहरूलाई सहयोग पुऱ्याउदै आफ्नो छवी सुधार गर्न भन्सार व्यवस्थापन सक्षम र सुदृढ हुनेछ | **<u>रणनीति</u> १ः**<br>**व्यापार सहजीकरण गर्ने**<br>**<u>महत्वपूर्ण क्रियाकलापहरुः</u>** निकासी पैठारी एवम् पारवहन प्रक्रियाहरू प्रभावकारी एवम् दक्षतापूर्वक कार्यान्वयन गर्न ऐन कानूनमा सुधार गर्ने; निकासी पैठारीका लागि आवश्यक पर्ने कागजातहरूको पुनरावलोकन गर्नेः विश्वसनीय व्यवसायी (Trusted Traders) कार्यक्रम थालनी गर्ने र आधिकारिक आर्थिक सञ्चालक (AEO) को योजना बनाउने; विलम्वित भुक्तानी पद्धतिको अध्ययन गर्ने; भन्सार महसुल दरहरुको पुनरावलोकन गर्ने; पूर्वादेशको विकास एवम् कार्यान्वयन गर्ने; मालवस्तुको जाँचपासमा लाग्ने समय अध्ययन गर्ने; सेवाग्राही सेवा कक्षहरूको स्थापना र प्रभावकारी सञ्चालन गर्ने; भन्सारको वेबसाइटलाई सुधार र अद्यावधिक गर्ने; भन्सार सरोकारवालाहरूसँगको सहकार्यलाई प्रवर्द्धन र सुधार गर्ने; अन्य भन्सार प्रशासनहरूसंगको सूचना आदानप्रदान गर्ने; गुनासो सुनुवाई संयन्त्र स्थापना गर्ने; र द्रुत जाँचपास कार्यान्वयन गर्ने |

| | |
|---|---|
| | **रणनीति २:**<br>**सदाचार र सुशासन प्रवर्द्धन गर्ने:**<br>**महत्वपूर्ण कियाकलापहरु:** संगठनको स्व-मूल्याङ्कन सम्पन्न गर्ने; सदाचार योजना तयार गर्ने; पुरस्कार र दण्ड प्रणाली थालनी गर्ने; भन्सारमा कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणालीको विकास गर्ने; भन्सार विभागको वार्षिक योजनामा भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजना एकीकृत गर्ने; भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजनाको कार्यसम्पादन अनुगमन गर्ने; खरिद योजना वनाउने र व्यवस्थापन गर्ने; रभन्सार विभागले आफै आफ्ना भूमिका र जिम्मेवारी हरूको प्रभावकारी र दक्षताका साथ कार्यान्वयन गर्न सक्षम हुने गरी पर्याप्त कोषको व्यवस्था गर्ने ।<br>**रणनीति ३:**<br>**भन्सार स्वचालन र तथ्याङ्क व्यवस्थापनमा जोड दिने:**<br>**महत्वपूर्ण क्रियाकलापहरु:** नेपाल भन्सार स्वचालन प्रणालिलाई सुधार गर्ने; प्रमुख भन्सार कार्यालयहरूसँगको सूचना सञ्जाल (कनेक्टीभिटी) सुधार गर्ने; कम्प्यूटर उपकरणको उपयोगबाट भन्सारको सञ्चालन प्रभावकारिता स्तर अभिवृद्धि गर्ने; सूचना तथा सञ्चार प्रविधिका पूर्वाधारको उपयोग गरी कार्य सञ्चालनका सबै क्षेत्रहरूमा भन्सारको क्षमता अभिबृद्धि गर्ने; नेपाल भन्सार स्वचालन प्रणालिका कार्यविधिहरुको Mobile Application तयार गर्ने; नेपाल राष्ट्रिय एकद्वार प्रणाली विकास र सञ्चालन गर्ने; भन्सारका सम्पूर्ण तथ्याङ्कका लागि सुरक्षित डेटा वेयरहाउस तयार गर्ने; आवधिक जाँच र प्रणाली परीक्षण गर्ने; सूचना प्रसार गर्ने; एजेन्ट व्यवस्थापन पद्धति विकास गर्ने ।<br>**रणनीति ४:**<br>**जनशक्तिको क्षमता विकास गर्ने**<br>**महत्वपूर्ण क्रियाकलापहरु:** जनशक्ति विकास गुरुयोजना स्वीकृति र कार्यान्वयन गर्ने; सांगठनिक संरचनाको पुनरावलोकन गर्ने; भन्सार प्रशासनको प्राविधिक क्षमता विकास गर्ने; लगत र अभिलेख पद्धति अभिवृद्धि गर्ने; राजस्व बाहेकका कार्यहरूका लागि पनि तालिम प्रदान गर्ने; भन्सार व्यावसायमा संलग्न भन्सार एजेन्ट र सरोकारवालाहरूको कार्यसम्पादनस्तर अभिवृद्धि गर्न सहजीकरण तथा सहयोग प्रदान गर्ने; समन्वयात्मक सीमा व्यवस्थापन बिषयमा क्षमता विकास गर्ने; अनुपालन व्यवस्थापन (स्वेच्छिक अनुपालन समेत) बिषयमा क्षमता विकास गर्ने; जोखिम व्यवस्थापन क्षमता विकास गर्ने; नेतृत्व, व्यवस्थापन र व्यवसायिक क्षमता अभिबृद्धि गर्ने; |

| | |
|---|---|
| | भन्सारमा कर्मचारीहरू कायम (Retain) राख्ने; भन्सार उप-समूह सिर्जना गर्ने; भन्सारको संस्थागत क्षमतामा सुधार ल्याउन एउटा स्वायत्त राजस्व बोर्ड स्थापना गर्ने; र चक्रिय (कार्यात्मक) पद्धतिको पुनः लेखाजोखा गर्ने ।<br>**रणनीति ५:**<br>**विकसित पूर्वाधार एवम् भौतिक सुविधाहरू:**<br>**महत्वपूर्ण क्रियाकलापहरु:** भौतिक पूर्वाधार सुधार गुरूयोजना स्वीकृत गरी लागू गर्ने; एकीकृत जाँच चौकी र सुख्खावन्दरगाहहरू निर्माणमा जोड दिंदै भन्सारहरूको समान ढाँचा डिजाईन गर्ने; भन्सार कार्यालयहरूका लागि जग्गा प्राप्ति गर्ने; भन्सार प्रयोगशालाको स्थापना/आधुनिकीकरण गर्ने; भन्सार स्वचालन प्रणालीको सुनिश्चितता गर्न आधुनिक प्रविधिद्धारा सञ्चालन हुने भौत्तिक सुविधाहरूको अधिकतम उपयोगलाइ निरन्तरता दिने; भन्सार स्वचालन प्रणालीको सुनिश्चितता गर्न आधुनिक प्रविधिद्धारा सञ्चालन हुने भौत्तिक सुविधाहरूको अधिकतम उपयोगलाई निरन्तरता दिने; र उत्तरी सीमामा रहेका भन्सारका पूर्वाधारहरूको पुनःनिर्माण गर्ने ।<br>**रणनीति ६:**<br>**यात्रु जाँचपासमा सुधार गर्ने**<br>**महत्वपूर्ण क्रियाकलापहरु:** यात्रु मार्ग निर्माण गर्ने; यात्रु जाँचपासमा सहजीकरण गर्ने; कुरियर कार्गो जाँचपासका लागि बेग्लै भन्सार एकाइ स्थापना गर्ने; र यात्रु अग्रिम सूचना प्रणाली/यात्रुको नाम अभिलेख प्रणाली स्थापना गर्ने । |
| **नतिजा २:**<br>**यथार्थ राजस्व सङ्कलन:**<br>कानूनको प्रभावकारी कार्यान्वयन, अनुपालनमा वृद्धि र चुहावट न्यूनीकरण गरी पैठारी हुने मालवस्तुबाट भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क एवं अन्य करहरु मार्फत बढी राजस्व सङ्कलन गरिनेछ । | **रणनीति ७:**<br>**यथार्थपरक राजस्व सङ्कलन:**<br>**महत्वपूर्ण क्रियाकलापहरु:** भन्सार मूल्याङ्कनको लागि परिपालनाको वातावरण निर्माण गर्ने; पैठारी डाटाबेस र कागजातहरूमा मूल्याङ्कन अधिकृतलाई पहुँच दिने; भन्सार विभागमा केन्द्रीय मूल्याङ्कन डाटावेशको स्थापना गरी प्रयोग गर्ने र भन्सार र अन्य अधिकारीहरूलाई पहुँच उपलव्ध गराउने; घोषित मूल्यको जाँच भन्सार विभागमा जोखिममा आधारित भई गर्ने; ASYCUDA World प्रणालीमा मूल्याङ्कन डाटावेश मोड्यूललाई कार्गो जाँचपास सँग आवद्ध गर्न ट्यारिफ स्पेसिफिकेशन कोड (TSC) विकास गर्ने; वस्तुवर्गीकरणमा सुधार गर्ने; उपयुक्त वैकिङ्ग प्रणालीमार्फत पैठारी व्यापार गर्न प्रणाली विकास गर्ने; अनुकरणीय पद्धतिलाई प्रतिविम्वित गर्ने गरी मूल्याङ्कन र जाँचपास पछिको परीक्षणका निर्देशिकाहरू अद्यावधिक गर्ने; जाँचपास परीक्षण |

| | |
|---|---|
| | कार्यालयको सुदृढीकरण गर्ने; प्रमुख भन्सारहरूमा PCA कार्यालय अन्तर्गत जाँचपास पछिको परीक्षण एकाई स्थापना गर्ने; र राजस्व प्रणालीको अनुगमन सुदृढ गर्ने।<br>**रणनीति ८:**<br>**अनुपालन व्यवस्थापन/स्वेच्छिक अनुपालन सुदृढ गर्ने**<br>**महत्वपूर्ण क्रियाकलापहरु:** अनुपालन रणनीति दस्तावेज तयार गर्ने; अनुपालन व्यवस्थापनको निमित्त मापदण्डहरू तोक्ने; अनुपालन व्यवस्थापन/स्वेच्छिक अनुपालन कार्यान्वयन गर्ने; अनुपालन प्रणालीको प्रभावकारिता मूल्याङ्कन गर्ने; अनुपालन योजनाको सूचना दिने र सम्प्रेषण गर्ने; संस्थागत सहयोग/सहकार्य गर्ने; र अनुपालन व्यवस्थापनको कार्यसम्पादन मापन गर्ने ।<br>**रणनीति ९:**<br>**विकसित जोखिम व्यवस्थापन:**<br>**महत्वपूर्ण क्रियाकलापहरु:** जोखिम व्यवस्थापन रणनीति विकास गरी कार्यान्वयन गर्ने; सम्बन्धित साझेदारसँग अनुसन्धान (Intelligence), जोखिम व्यवस्थापन सम्बन्धी सूचना आदप्रदान गर्ने; सीमावर्ती भन्सार जाँचपास अनुगमन प्रणालीलाई सवल वनाउने; कार्गो जाँचपासमा जोड दिई भन्सार वरपर जोखिम व्यवस्थापनका सिद्धान्तहरू स्थापना गर्ने; भन्सारको सीलछाप लगाई बन्द कन्टेनरमा कार्गो ढुवानी गर्ने व्यवस्था मिलाउने; जोखिम व्यवस्थापन फराकिलो बनाई भन्सार विभागको नीति र कार्य सञ्चालनमा पूर्णरूपले एकीकृत गर्ने । |
| **नतिजा ३:**<br>**सामाजिक सूरक्षा एवं प्रत्याभूति**<br>मुलुकमा अवैध व्यापार र हानिकारक वस्तुहरूको ओसारपसारलाई रोक्न/निषेध गर्न मालवस्तुको परिवहन, ढुवानीका साधनहरू र ढुवानीका उपकरणहरू (कन्टेनर, प्यालेट्स, क्रेट्स) उपर निगरानी एवम् अन्य प्रकारका नियन्त्रणका रणनीतिहरू र अन्य उपायहरू अपनाइनेछ । | **रणनीति १०:**<br>**समाजको संरक्षण, सुरक्षा र प्रत्याभूति**<br>**महत्वपूर्ण क्रियाकलापहरु:** समाजको संरक्षण बिषयमा भन्सारको रणनीति तयार गर्ने; सीमामा रहेका संगठनहरू, स्थानीय निकायहरू, स्थानीय सुरक्षा निकायहरू, र क्षेत्रीय राजस्व अनुसन्धान निकायहरू बीच सहयोग र समन्वय गर्ने; भन्सार कार्यालयहरूमा सम्बद्ध सबै निकायहरु आवद्ध भएको (Interface model) प्रयोगशालाको डिजाइन गर्ने; अवैध व्यापारलाई न्यूनीकरण गर्न संयन्त्र, योजना र कार्यक्रमहरूको विकास गर्ने;भन्सार प्रमुखको कमाण्डमा बेग्लै भन्सार सुरक्षा बल गठन गर्ने सम्बन्धमा पुनरावलोकन गर्ने; अवैध लागू औषध, नक्कली मुद्रा, नक्कली मालवस्तुको प्रभावकारी जाँचका लागि एक संयन्त्र स्थापना गर्ने । |

| | |
|---|---|
| | <u>रणनीति</u> **११ः**<br>**समन्वयात्मक सीमा व्यवस्थापन**<br>**<u>महत्वपूर्ण क्रियाकलापहरुः</u>** समन्वयात्मक सीमा व्यवस्थापन प्रक्रियामा भन्सारको भूमिका परिभाषित गर्ने; अन्तर संस्था सम्झौता गरी सो को व्यवस्थापन गने; स्वदेशका व्यापारी र औद्योगिक संगठनहरूसंग समझदारी पत्रमा हस्ताक्षर गर्ने; सीमा क्षेत्रमा भन्सारका सामाजिक जिम्मेवारी सम्बन्धी कार्यक्रमहरूको विकास गर्ने; सम्वद्ध सीमावर्ती संस्थाहरूसँग सामान्जस्यता लागि प्रतिस्पर्धी स्तर, कार्य समय मिलान र सामाञ्जस्यताका अन्य सम्भाव्य क्षेत्रहरूको लागि निर्देशिका तयार गर्ने । |

**छ. <u>कार्यान्वयन रणनीतिहरुः</u>**

भन्सार विभागले विभागका सबै शाखाहरु र १० वटा महत्वपूर्ण भन्सार कार्यालयहरूको लागि भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्य योजना २०१७-२०२१ तयार पार्नेछ र भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्ययोजना कार्यान्वयनको अनुगमन गर्नेछ । भन्सार विभाग एवम् भन्सार कार्यालयहरूको वार्षिक योजनामा रुपान्तरणसंग सम्वन्धित मापनहरु समाविष्ट रुपान्तरण व्यवस्थापन कार्यक्रम (Change Management Program) सवै भन्सारहरुमा आरम्भ गरिनेछ । भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्य योजना कार्यान्वयनका लागि आवश्यक श्रोत जुटाईने छ र तद्नुरुप भन्सार कार्यालयहरूमा वितरण गरिनेछ ।भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्य योजनावाट प्राप्त उपलब्धि वास्तविक परिवर्तनहरु एवम् प्रगतिहरु अभिलेखीकरण गरिनेछ र वितरित गरिनेछ । सुधारका सकारात्मक उपलब्धिहरुका सम्बन्धमा भन्सार दल (Team) को सचेतना जगाउन सञ्चार रणनीति अपनाईने छ ।

**ज. <u>वित्तीय व्यवस्थापनः</u>**

भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्य योजना २०१७-२०२१को कार्यान्वयनको लागि रू.१० अरब २० करोड ६० लाख लाग्ने अनुमान गरिएको छ । उपलब्ध हुने श्रोतका सम्बन्धमा रु ९ अरब ६८ करोड ३० लाख अनुमान गरिएको छ र रू. ५२ करोड ३० लाख श्रोत अन्तराल हुने अनुमान गरिएको छ । विकासे साझेदारहरूको वित्तीय एवम् प्राविधिक सहयोगको बचनवद्धता बाबजूद पनि रकम अन्तराल हुन गएमा सरकारले तत्सम्बन्धमा पाइला चाल्ने छ र सो अन्तराल पूर्ति गर्नेछ ।

**झ. <u>अनुगमनः</u>**

भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्ययोजनाका परिणामहरु र क्रियाकलापहरु भन्सार विभागको केन्द्र तथा भन्सार कार्यालयहरुसंग आवद्ध गरिनेछन् । प्रगति मूल्याङ्कनका लागि भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्य योजना (CRMSAP) को अनुगमन सफ्टवेयरको विकास गरिनेछ । निवेश (Input), नतिजा (Output) र उपलब्धि अनुगमनका गुणस्तरीय सूचकहरूको अनुगमनका लागि कार्यगत क्षेत्र सर्भेक्षण र व्यवस्थापन सूचना प्रणाली (MIS) का औजारहरू (Tools) को उपयोग गरिनेछ । भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्य योजना (CRMSAP) को प्रत्येक अनुगमनका लागि एउटा औपचारिक प्रतिवेदन संयन्त्रको स्थापना गरिनेछ । भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्य योजना सञ्चालनका लागि यसले स्व-मूल्याङ्कन, लेखाजोखा र निरन्तर सुधारलाई सुनिश्चित गर्नेछ ।

## भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्य योजना (CRMSAP) २०१७-२०२१ को विषयक ढाँचा (Thematic Framework)

| | | | | | |
|---|---|---|---|---|---|
| मान्यताहरू :<br>(१) इमान्दारिता र सत्यनिष्ठा,<br>(२) निष्पक्षता,<br>(३) जवाफ देही,<br>(४) पारदर्शि,<br>(५) पारस्परिक सद्भाव र शिष्टाचार,<br>(६).व्यवसायिकता, र<br>(७). समर्पण एवं उत्कृष्टता | दूरदृष्टि : | नेपालको आर्थिक एवम् सामाजिक समृद्धिमा सहयोग पुऱ्याउन भन्सारका सेवाहरु उत्कृष्ट वनाउने | | | निर्देशक सिद्धान्तहरू :<br>(१) अनुपालन लागत र समयावधि घटाउने,<br>(२) वजारको स्वच्छ सञ्चालनमा सहयोग गर्ने,<br>(३) निकासी प्रबर्द्धनमा सघाउने,<br>(४)जोखिममा आधारित अभिगमनलाई तीव्र पार्ने,<br>(५) लगानीको लागि प्रेरक वातावरण स्थापित गर्ने,<br>(६) सुदृढ वित्तीय ढाँचाको लागि यथार्थ कराधान, र<br>(७) समन्वय |
| | अभियान : | सामाजिक-आर्थिक विकास, सामाजिक सुरक्षा एवं प्रत्याभूतिको लागि मैत्रीपूर्ण भन्सार नीतिहरुको अभिवृद्धिको सूनिश्चितता प्रदान गर्दै विश्व आर्थिक क्रियाकलापहरुको लागि प्रेरणादायी वातावरण निर्माण गर्न र सेवाग्राहीको समय र मूल्यको सम्मान गर्न हामी प्रयासरत छौ | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | गन्तव्य (प्रभाव) : | जवाफदेही भन्सार प्रशासन : २१औं शताब्दीको सेवाग्राहीहरुको आवश्यकता प्रति जवाफदेही आधुनिक प्रशासनको रुपमा भन्सारको पहिचान गराउने | | | |
| | नतिजाः | **नतिजा १: व्यवसायिक तथा प्रतिस्पर्धी भन्सार सेवाः** व्यापार सहजीकरण एवम् यात्रुहरूलाई सहयोग पुऱ्याउदै आफ्नो छवी सुधार गर्न, भन्सार व्यवस्थापन संक्षम र सुदृढ हुनेछ । | **नतिजा २: यथार्थ राजस्व सङ्कलनः** कानूनको प्रभावकारी कार्यान्वयन, अनुपालनमा वृद्धि र चुहावट न्यूनीकरण गरी पैठारी हुने मालवस्तुबाट भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर एवं अन्य करहरु मार्फत बढी राजस्व सङ्कलन गरिनेछ । | **नतिजा ३: सामाजिक सूरक्षा एवं प्रत्याभूति** मुलुकमा अवैध व्यापार र हानिकारक वस्तुहरूको ओसारपसारलाई रोक्न/निषेध गर्न मालवस्तुको परिवहन, ढुवानीका साधनहरू र ढुवानीका उपकरणहरू (कन्टेनर, प्यालेट्स, क्रेट्स) उपर निगरानी एवम् अन्य प्रकारका नियन्त्रणका रणनीतिहरू र अन्य उपायहरू अपनाइने छ । | |
| | रणनीतिहरुः: | **रणनीति १:** व्यापार सहजीकरण गर्ने । **रणनीति २:** सदाचार र सुशासन प्रवर्द्धन गर्ने । **रणनिती ३:** भन्सार स्वचालन र तथ्याङ्क व्यवस्थापनमा जोड दिने । **रणनीति ४:** जनशक्ति व्यवस्थापन र क्षमता विकास गर्ने । | **रणनीति ५:** पूर्वाधार निर्माण र भौतिक सुविधामा वृद्धि गर्ने । **रणनीति ६:** यात्रु जाँचपासमा सुधार गर्ने । **रणनीति ७:** यथार्थ राजस्व सङ्कलन गर्ने । | **रणनीति ८:** अनुपालन व्यवस्थापन/स्वेच्छिक अनुपालन वृद्धि गर्ने । **रणनीति ९ :** विकसित जोखिम व्यवस्थापन गर्ने । **रणनीति १०:** समाजको संरक्षण/सुरक्षा र प्रत्याभूमि गर्ने । **रणनीति ११:** समन्वयात्मक सीमा व्यवस्थापन गर्ने । | |

## १. परिचय

भन्सार विभागले आफ्नो परम्परागत भूमिकालाई क्रमिक रुपमा परिवर्तन गर्दै व्यवस्थापनलाई अझबढी दक्ष, पारदर्शी र सेवामुखी बनाउदै लगिरहेको छ । अन्तर्राष्ट्रिय व्यापार, प्रविधिको विकास, राष्ट्रिय आवश्यकता, द्विपक्षीय एवं वहुपक्षीय प्रतिवद्धता, खुला तथा उदार अर्थतन्त्रलाई प्रवर्द्धन गर्ने तर्फ भएका परिवर्तन अनुरुप भन्सार विभागले आफ्नो भूमिकालाई समसामयिक सुधार गर्दै लैजान आवश्यक छ । यसका साथै भन्सार विभागले सरकारको वित्तीय व्यवस्थामा सुधार गर्दै आन्तरिक स्रोत परिचालनद्वारा आर्थिक विकास हासिल गर्ने र राजस्व चुहावट न्यूनीकरण गर्ने महत्वपूर्ण दायित्व निर्वाह गर्नुपर्ने हुन्छ ।

सरकारले मुलुकमा आर्थिक समृद्धि हासिल गर्न व्यापार सहजीकरणको महत्व र भन्सार सुधार तथा आधुनिकीकरणमा यसको अन्तरसम्वन्धलाई आत्मसात गरेको छ । व्यापार सहजीकरण, निकासी एवं पैठारी सम्बन्धी कार्यप्रक्रियामा सुधार गर्ने, भन्सारका प्रक्रियाहरुलाई सुव्यवस्थित र सरलीकरण गर्ने कार्यसँग सम्वद्ध यी विषयहरु मुलतः भन्सारका लागि भएपनि सीमा नाकामा रहेका अन्य नियामक निकायहरुका लागि समेत उत्तिकै महत्वपूर्ण रहेका छन । जोखिम व्यवस्थापनको अवलम्वन, परिक्षणमा आधारित नियन्त्रण, सूचना प्रविधिको अधिकतम प्रयोग, सीमावर्ती भन्सार प्रशासन, अन्य प्रशासनिक इकाईहरू र निजी क्षेत्रसँग सहकार्य एवं अन्तर्राष्ट्रिय असल अभ्यासहरुको अवलम्वन जस्ता सिद्धान्तहरुले भन्सार प्रशासनको आधुनिकीकरणलाई समेटका छन् ।

भन्सारको कार्यसम्पादनमा उत्कृष्टता हासिल गर्ने दृढ संकल्पका साथ भन्सार विभागले विगत केही बर्षदेखि आफ्ना क्रियाकलाप, प्रक्रियाहरु, स्वचालन र सेवाग्राहीका सेवालाई आधुनिकीकरण गर्दै आईरहेको छ, जुन पूर्णतया समकालीन अन्तर्राष्ट्रिय असल अभ्यासहरुसगँ मेल खान्छन् । यो दृढता शृंखलावद्ध आवधिक कार्ययोजनाको परिणामस्वरूप प्राप्त हुन आएको हो । चार वर्षीय कार्ययोजनाले आधुनिकीकरण प्रयासका रणनीतिहरू, क्रियाकलापहरू र कार्यहरूलाई समेटेको हुन्छ । भन्सार सुधार र आधुनिकीकरण रणनीतिलाई योजनावद्ध रुपमा प्रथम पटक सन् २००३ सालमा शुरू गरिएको हो ।

भन्सार विभागले चौथो चरणको भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजना (२०१३-२०१७) लाई १५ जुलाई २०१७ मा सम्पन्न गर्ने लक्ष्य राखेको थियो । यसैगरी एशियाली विकास वैङ्कको सहयोग एवं विश्व भन्सार संगठनको प्रतिनिधि[1] को सुझाव समेत समावेश गरी तर्जुमा गरिएको “भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजना २०१७-२०२१” ले मुलुकको वर्तमान आर्थिक तथा समाजिक प्राथमिकतालाई प्रतिविम्वित गर्ने मान्यतामा आधारित रहेको छ ।

पाँचौ चरणको भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजनाले १६ जुलाई २०१७ देखि १५ जुलाई २०२१ सम्म चार वर्षको अवधिलाई समेटेको छ । भन्सार विभागको तत्कालीन र मध्यकालीन भावी सुधारका लागि महत्वपूर्ण दस्तावेजको रुपमा रहेको यो योजना अन्तर्राष्ट्रिय मापदण्डहरुको अवलम्वन र अन्तर्राष्ट्रिय असल अभ्यासहरु जस्तै विश्व व्यापार संगठनको व्यापार सहजीकरण सम्झौता, संशोधित क्योटो महासन्धि, विश्व भन्सार संगठनको सेफ फ्रेमवर्क, डाटा मोडेल, जोखिम व्यवस्थापन र एकद्वार प्रणाली सारसंग्रह (Single Window Compendium), शीघ्र जाँचपास निर्देशिका (Immediate Release Guidelines), WTO TFANepal Gap Assessment and Implementation Action Plan 2015, चौधौं राष्ट्रिय विकास योजना २०१६।१७-२०१९।२०, वाणिज्य नीति २०१५, नेपाल व्यापार एकीकरण

[1] भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्ययोजना-विधिसम्मत कार्यशाला गोष्ठी (नोभेम्वर २६-२८, २०१६, सौराहा, चितवन) मा विश्व भन्सार संगठनका विशेषज्ञले दिनु भएको सुझावहरू ।

रणनीति-२०१६, दक्षिण एशिया उपक्षेत्रीय आर्थिक सहयोग (SASEC) योजना, भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्ययोजना २०१३-२०१७ को मध्यावधि समीक्षा प्रतिवेदन-२०१६, केन्द्रीय तथा क्षेत्रगत परामर्श, आर्थिक सहयोग र विकास संगठनको कार्यहरू आदिको आधारमा तर्जुमा गरिएको छ ।

भन्सार विभागको दुरदृष्टि, गन्तव्य, मुल्य र मान्यताको सेरोफेरोमा तर्जुमा गरिएको भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्ययोजना २०१७-२१ मा सरकारी एवं निजी क्षेत्रका सरोकारवालहरुको दृष्टिकोणहरु समावेश गरिनुको साथै गहन तथा प्रमाणित कार्यविधिलाई अनुसरण गरिएको छ । यस योजनाको कार्यान्वयन मार्फत मुलुकको आर्थिक दक्षतामा अभिवृद्धि ल्याउने, निकासी प्रवर्द्धनमा जोड दिने र आर्थिक समृद्धिमा सुधार ल्याउन भन्सार विभागले सघाउ पुऱ्याउने छ ।

**कार्यविधिहरु**

भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्ययोजना २०१७-२०२१ तर्जुमाको लागि अनुशरण गरिएका कार्यविधिहरू:

- दस्तावेजहरूको पुनरावलोकन,
- तथ्याङ्क/सूचना सङ्कलनका लागि प्रश्नावलीको तयारी,
- भन्सार विभागको व्यवस्थापन, निर्देशकहरू, अधिकृतहरू तथा अन्य कर्मचारीहरूसँगको छलफल,
- केन्द्रीय स्तरका सरकारी निकायहरु-अर्थ मन्त्रालय, वाणिज्य मन्त्रालय, कृषि विकास मन्त्रालय, खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण विभागसँग परामर्श,
- केन्द्रीय स्तरका निजी क्षेत्र, राष्ट्रिय भन्सार व्यापार सहजीकरण समितिका सदस्यहरू र व्यापार तथा उद्योग संगठनका प्रतिनिधिहरूसँग छलफल,
- क्षेत्रगतस्तरमा भन्सार कर्मचारीहरू, निजी क्षेत्रका व्यापारीवर्गहरु, चेम्वर अफ कमर्श र इण्डष्ट्रिजका प्रतिनिधिहरू, भन्सार एजेन्टहरू, नेपालगन्ज, कृष्णनगर, भैरहवा र वीरगन्जका स्थानीय भन्सार व्यापार सहजीकरण समितिका सदस्यहरूसँग छलफल,

**भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्ययोजना (२०१३-२०१७) को प्रगति**

**<u>स्वचालन</u>**

- कोरियन सरकारको सहयोगमा विकास गरिएको Data Warehouse Module को परीक्षण कार्य सम्पन्न गरी कार्यान्वयनको चरणमा रहेको छ । हालसूचनाहरूलाइ Mannually एकै स्थानमा एकीकृत गरिएको छ ।
- भन्सार कार्यालयहरूद्वारा राजस्वका तथ्याङ्कहरू दैनिक रूपमा तयार गरिँदै आएको छ ।
- वैदेशिक व्यापारको वार्षिक तथ्याङ्क प्रकाशन गरिनुको साथै भन्सार विभागको वेवसाइटमार्फत यसलाई सार्वजनिक गरिएको छ ।
- भन्सार विभागद्धारा ई-कस्टम मास्टर प्लान तयार गरिएको छ ।
- सूचना प्रवधि शाखाको सूचना प्रविधिको योजनावद्ध विकासलाई प्रतिविम्वित गर्न सूचना प्रविधि शाखाका कर्मचारीको स्तर र दक्षताको सुदृढीकरणका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षणको सिलसिलामा संगठन संरचनाको पुनरावलोकन गरिएको छ ।

- भन्सार विभागका सवै शाखा तथा प्रमुख भन्सार कार्यालयहरूलाई कम्प्यूटर र सो सम्वन्धि उपकरणहरू उपलव्ध गराइएका छन् ।
- १६ वटा भन्सार कार्यालयमा ब्रोकर मोड्यूल सहित ASYCUDA लागू गरिएको छ ।
- मेची तथा सुक्खावन्दरगाह भन्सार कार्यालयमा परिक्षणको रुपमा ASYCUDA World लागू गरिएको छ ।
- भन्सार पूर्वाधार गुरुयोजनामा उपकरण एवं पूर्वाधार सम्बन्धी आवश्यक विवरण समावेश गरिएको छ ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगका लागि ASYCUDA World को ढाँचा निर्माण, सञ्चालन तथा कार्यान्वयन जस्ता भौतिक पूर्वाधार विकास सम्वन्धि कार्यहरू भइरहेका छन् ।
- भन्सार विभागमा नेपाल राष्ट्रिय एकद्वार (NNSW) समिति गठन गरिएको र सो समिति क्रियाशील रहेकोछ ।
- नेपाल राष्ट्रिय एकलद्वार प्रणालीको प्रारम्भिक चरणमा सरोकारवालाहरूको रूपमा १४ वटा निकायहरुको पहिचान गरिएको छ।
- व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको अग्रणि भूमिका र भन्सार विभागको समन्वयमा नेपाल व्यापार सूचना पोर्टल तयारीको कार्य शुरु गरिएको छ ।
- सूचना तथा सञ्चार प्रविधिको सहयोगमा ६ वटा भन्सार कार्यालयहरूमा जोखिममा आधारित छनौट प्रणाली लागू गरिएको छ ।

**व्यापार सहजीकरण**

- संशोधित क्वोटो महासन्धिको पक्ष राष्ट्र वन्ने प्रस्ताव व्यवस्थापिका संसदवाट अनुमोदन भएको छ ।
- भन्सार दरवन्दीको पुनर्संरचना सम्बन्धी अध्ययन एवं सिफारिसको कार्य सम्पन्न भएको छ ।
- भन्सार विभागमा नीति विश्लेषण इकाई गठन गरिएको छ ।
- भन्सार विभागको वेव साईटमा सार्वजनिक जानकारीका लागि भन्सार सम्बन्धी ऐन, नियम एवं अन्य सम्वन्धित सूचनाहरु राखिएका छन् ।
- भन्सार विभागले सदस्यताको व्यवस्था सहितको व्यापार सहजीकरण समितिको कार्यविधि पुनरावलोकन गरेको छ ।
- भन्सार विभागमा स्थापना गरिएको सेवाग्राही सेवाकक्षलाई व्यवस्थित तरिकाले संचालनमा ल्याईएको छ र सेवाग्राही सेवाकक्षबाट प्रदान गरिएको सेवा प्रति सेवाग्राहीहरू सन्तुष्ट रहेको पाइएको छ ।
- ५ वटा भन्सार कार्यालयहरूमा सेवाग्राही कक्षको स्थापना गरिएको छ ।
- व्यापार सहजीकरण समितिसँग निरन्तर एवं आवश्यकतानुरुप अन्तरक्रिया गर्ने गरिएको छ ।

**सांगठनिक एवं क्षमता विकासः**

भन्सार संगठनको पुनर्संरचना गरिएको छ र नयाँ संगठन संरचनामा भन्सार व्यवस्थापन क्रियाशील रहेको छ ।

- निजामती कितावखानामा राखिएको वैयक्तिगत विवरणसंग आवद्ध हुने गरी कर्मचारी सूचना सम्वन्धि सफ्टवेयरको निर्माण तथा कार्यान्वयन गरिएको छ ।
- विभिन्न विषयगत जस्तै, मूल्याङ्कन, भन्सार जाँचपाँस पछिको परीक्षण, वर्गीकरण, ASYCUDA र यसको संचालन, प्रक्रिया, अनुसन्धान र नियमन, जोखिम व्यवस्थापन जस्ता विषयको वार्षिक तालिम कार्यतालिका, पाठ्यक्रम एवम् तालिमका मोड्युलहरू तयार गरिएका छन् र तालिम कार्यक्रम सञ्चालित छन् । राजस्व प्रशासन तालिम केन्द्रको सहकार्यमा कार्य स्थलमा तालिम दिने व्यवस्था मिलाईएको छ ।
- भन्सार विभागमा भन्सारको पूर्वाधार विकासका लागि सिफारिस सहितको भौतिक पूर्वाधार विकास गुरुयोजना (CIMP) रहेको छ ।
- केही भन्सार कार्यालयहरुमा यार्डको मर्मत सुधार गरिएको छ भने भन्सार विभागको नँया भवनको खाकातयार गर्ने कार्य भैरहेको छ ।
- प्रमुख १० भन्सार कार्यालयमा स्क्यानर मेसिनसहित Non-intrusive equipment को आवश्यकता वारे अध्ययन सम्पन्न भएको छ ।
- निजामती कर्मचारीको आचारसंहिता २०६८ सँग मेल खाने गरी भन्सारका कर्मचारीहरूको विद्यमान आचार संहितालाई परिमार्जन गरी स्वीकृतिका लागि अर्थ मन्त्रालय पठाईएको छ ।
- भन्सार विभागमा सदाचार प्रवर्द्धन इकाइ (Integrity Promotion Unit) स्थापना गरिएको छ ।
- दुई भन्सार कार्यालयमा मालवस्तु एवं यात्रुहरूको जाँचपासका लागि छुट्टै मार्ग संचालनमा ल्याईएको छ ।

**राजस्व सङ्कलन**

- भन्सार ऐनमा जोखिम व्यवस्थापन प्रणालीलाई पुनः परिभाषित गरिएको छ ।
- जोखिम व्यवस्थापनमा आधारित भई ६ वटा भन्सार कार्यालयमा रातो र हरियो च्यानेलको व्यवस्था गरिएको छ ।
- अधिकांश भन्सार कार्यालयहरू एवं भन्सारका कर्मचारीहरूलाई कम्प्यूटर (एक अधिकृत एक ल्यापटप) उपलव्ध गराईएको छ ।
- GCMS, FTIR र FTIS जस्ता सुक्ष्मदर्शकयन्त्र एवं उपकरणको जडानसंगै भन्सार विभागको प्रयोगशालालाई आधुनिकीकरण गर्ने कार्यको थालनी गरिएकोछ ।
- सीमावर्ती भन्सार प्रशासनसंग आवश्यकता अनुरूप वैठकको आयोजना गर्ने गरिएको छ ।
- शंकास्पद मालवस्तुको अवैध भण्डारण, वण्डेड तथा नन् वण्डेड गोदामहरूको खोज तथा आकस्मिक निरीक्षण सम्बन्धी कार्यलाई तिव्रता दिन कार्ययोजना तयार गरिएको र आंशिक रूपमा कार्यान्वयन गरिएको छ ।
- सिन्धुपाल्चोकमा Inland Customs Depot र ४ वटा भन्सार कार्यालयहरूमा ICP को निर्माण कार्य शुरू गरिएको छ ।
- ९ वटा भन्सार कार्यालमा IP Camera जडान गरिएको छ ।

- १५ वटा भन्सार कार्यालयमा Internet Connectivity को व्यवस्था गरिएको छ ।
- २ वटा भन्सार कार्यालयहरूमा स्क्यानर मेशिन जडान गरिएको छ ।
- ASYCUDA लागु भएका १८ भन्सार कार्यालय र २ छोटी भन्सार कार्यालयमा एकल प्रविष्टिको थालनी गरिएको छ ।
- भन्सार विभागवाट तोकिएको लक्ष्य बमोजिम जाँचपास परीक्षण कार्यालय एवं भन्सार कार्यालयहरूले जाँचपास परीक्षणको कार्य गरेका छन् ।
- हार्मोनाइज्ड प्रणालीमा आधारित भन्सार दरवन्दीको संरचना तथा एकीकृत भन्सार दरवन्दी नेपालीमा अनुवाद गरिएको छ भने यसलाई भन्सार विभागको वेवसाइटको माध्यमबाट वेवमा आधारित पहुँचको व्यवस्था मिलाइएको छ । भन्सार दरवन्दी सम्वन्धी मोवाइल एप्सको विकास गरी कार्यान्वयनमा ल्याइएको छ ।

## २. भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्य योजना २०१७-२०२१ को औचित्य

सरकारको कुल राजस्वको करिव आधा हिस्सा राजस्व सङ्कलन गर्ने भन्सार प्रशासन परम्परागत रुपमा राजस्व सङ्कलनका चुनौतीहरुलाई संवोधन गर्ने दिशातर्फ प्रतिवद्ध रहदै आएकोमा भन्सार प्रशासनका लागि आगामी चार वर्ष योजनावद्ध, पारदर्शी र जवाफदेही भन्सार सेवा प्रवाह गर्नु प्रमुख चुनौतिको रुपमा रहने छ । भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्ययोजना (२०१७-२०२१) का औचित्य देहाय बमोजिम छन्:

**आयात तथा निर्यातका प्रक्रियाहरूलाई आधुनिकीकरण गर्दै आर्थिक समृद्धिका लागि व्यापार सहजीकरण गर्ने:** सीमा क्षेत्रका विषेशगरी भन्सार र अन्य नियामक निकायहरुको कार्यविधिलाई सुव्यवस्थित एवं सरलीकरण गर्दै मूलतः निकासीमा सुधार ल्याई मुलुकको आर्थिक सम्वृद्धिका लागि व्यापार सहजीकरणको महत्वलाई सरकारका सवै तहहरुले अङ्गिकार गरेका छन् ।

व्यापार सहजीकरण र नियामक नियन्त्रण वीच प्रभावकारी सन्तुलन कायम गरी जाँचपासमा बृद्धि गर्नेकार्य भन्सार प्रशासनको क्षमतामा निर्भर रहेका हुन्छ ।

“व्यवसाय सञ्चालन प्रतिवेदन,२०१५ नेपाल”[२] मा भन्सार जाँचपाँसमा लाग्ने समयअवधिको सन्दर्भमा निकासी तर्फ ४ दिन र पैठारीतर्फ ५ दिन लाग्ने गरेको र यस प्रकारको प्रक्रियामा कारोवार खर्च करिव ३०० अमेरिकी डलर लाग्ने गरेको छ । यसैगरी वन्दरगाह एवं आगमन प्रस्थान क्षेत्र (टर्मिनल) मा मालवस्तुको सम्हालन (ह्याण्डिलिङ्ग) नियन्त्रणका सन्दर्भमा निकासीतर्फ ४ दिन र पैठारीतर्फ ६ दिन लाग्ने गरेको छ । भारतको कोलकाता स्थित भन्सार र भारत/नेपाल सीमावर्ती भन्सारसम्मको प्रक्रिया पूरा गर्न करिव ३०० अमेरिकी डलर कारोवार खर्च लाग्ने गरेको छ । यी प्रक्रियामा लाग्ने गरेको समयावधि र खर्चमा तत्काल कटौती गर्न आवश्यक र महत्वपूर्ण हुन आउछ ।

**संशोधित क्योटो महासन्धिका मापदण्डहरु पालना गर्ने:** भन्सारको कार्य सञ्चालन भन्सार ऐन, भन्सार नियमावली, आर्थिक ऐन तथा अन्य कानूनी प्रावधानवाट नियन्त्रित हुनुपर्दछ र यी कानूनी प्रावधानहरूको सरलता, पूर्णता, पारदर्शीता र पूर्वानुमान गर्न सकिने अवस्था वारे प्रश्नहरू उठाईने गरिन्छ । भन्सार सम्बन्धी कानूनहरुलाई सरलीकरण एवं सामाञ्जस्यपूर्ण वनाई जोखिम व्यवस्थापनको अवलम्वन,आवश्यक कागजात एवं तथ्याङ्कको प्रयोग तथा सरलीकृत एवं सुव्यवस्थित कार्यविधिको माध्यमवाट भन्सारको प्रक्रियाहरुमा सरलता र एकरुपता ल्याउन सकिन्छ ।

---

२ Doing Business 2015, Going Beyond Efficiency, Economy Profile 2015, Nepal, A World Bank Group Flagship Report (12 th edition).

**भन्सार दरवन्दीलाई पुनर्संरचना गर्ने:** भन्सार दरवन्दीको सरलीकरण गर्ने कार्य गर्दा दरवन्दी सम्बन्धी नीतिको कार्यपद्धति र सूचकहरू जतिकै स्तरको जटिलता समाना गर्नु पर्दछ । व्यापारिक समुदायले छलफलको क्रममा भन्सार दरवन्दीको संरचनाको वारेमा चासो राखेका थिए । भन्सार दरवन्दी कम हुन सक्छ तर उच्च भन्सार दरको वितरण र घटवढले उद्योगहरुलाई प्रोत्साहन नगर्न पनि सक्छ जसले श्रोतको असमान वितरणलाई निम्त्याउँदछ, जुन तथ्य विगतमा स्वीकार गरिएको थिएन ।

**भन्सारको सार्वजनिक खरिदलाई सुदृढ वनाउने:** भन्सार विभागद्धारा भन्सार कार्यालयहरुको लागि प्रयाप्त मात्रामा श्रोत साधन उपलव्ध गराउदै आएको भए तापनि भन्सार कार्यालयमा अझैपनि न्यूनतम उपकरणहरु समेत अपलव्ध छैनन् र यसले भन्सार विभाग तथा भन्सार कार्यालयमा सार्वजनिक खरिद योजना र प्रक्रियाहरूमा सुधारको टड्कारो आवश्यकता रहेको स्पष्ट सङ्केत गर्दछ ।

**मानव संसाधनको क्षमता विकास गर्ने:** संगठनमा मानव संसाधनलाई सामर्थ्य वनाउन पर्याप्त तालिम कार्यक्रमहरु सञ्चालन गरिनु पर्ने हुन्छ । सरकारको वर्तमान सरूवा एवं सेवानिवृत्त नीतिले भन्सार प्रशासनले आफ्ना अनुभवी तथा प्राविधिकरूपले सक्षम कर्मचारीहरूलाई गुमाउदै गईरहेको छ । क्षमता विकासको कार्यक्रमलाई अघि वढाउन सरकार तथा विकासका साझेदारवाट उपलव्ध श्रोतलाई एकीकरण गर्न आवश्यक छ ।

**भन्सार डाटावेशलाई एकिकरण गर्ने:** भन्सार सुधार तथा आधुनिकीकरणलाई व्यापार सहजीकरण तर्फ केन्द्रित गर्दै यसको प्रभावकारितामा अभिवृद्धि गर्न भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्ययोजना सन् २००३ देखिनै लक्षित प्रगतिका साथ अगाडि बढेको छ । भन्सार विभागबाट तयार पारिएको विद्युतीय भन्सार गुरू योजनाले ASYCUDA World लाई मुल प्रणालीको रुपमा विकास तथा अन्य उपप्रणाली विकास गरी लागु गर्ने प्रस्तावित योजना अनुरूप भन्सारलाई कागजविहीन भन्सार प्रशासनतर्फ उन्मुख गर्ने अभिप्राय राखेको छ । ASYCUDA World वेवमा आधारित ASYCUDA को नयाँ संस्करण हो, जसले अनुकूल सफ्टवेयरको निर्माणलाई व्यवस्थापन गर्दछ र कागजविहित परिवेश निर्माण गर्ने लक्ष्य राख्दछ । भन्सार सुधारसँग सम्वद्ध सबै सरोकारवालाहरूलाई ASYCUDA World ले सघाउंदछ । भन्सार सम्बन्धी सम्पूर्ण कार्यविधि/प्रक्रियाहरूलाई समेट्न र तथ्याङ्कीय र प्रतिवेदन प्रयोजनको लागि संयुक्त व्यवस्थापन सूचना प्रणाली (MIS) डाटावेश सञ्चालन गर्न भन्सार विभागले ASYCUDA World लाई इण्टरफेसिङ्ग मोड्यूलको रूपमा विकसित गरी लागू गरेको छ । सम्पूर्ण भन्सार कार्यालयहरूमा यसलाई कार्यान्वयनमा ल्याउन जरूरी छ । ASYCUDA World का सुधारहरू तदारुकताकासाथ लागु गरिएका छन् भनी विश्वस्त तुल्याउन भन्सारका सरोकारवालाहरूसंग पनि सहकार्य गर्नमा केन्द्रित हुनुपर्दछ ।

**भन्सार मूल्याङ्कनलाई सुधार गर्ने:** भन्सार मूल्याङ्कन सधैं सरकार र व्यापारिक समुदाय वीच विवादको विषय रहेको छ । व्यापारिक समुदायले मूल्याङ्कन नीति एवं प्रक्रियाहरु न त पारदर्शी छन् न त निष्पक्ष नै छन् भन्ने दावि गर्छन भने भन्सारका कर्मचारीहरुले व्यापारीले पैठारी गरी ल्याएका मालवस्तुमा न्यूनविजकीकरण गर्ने गरेको आरोप लगाउँछन । पैठारीकर्ताले पैठारी गरी ल्याएको मालवस्तुको वास्तविक तिरेको मूल्य वा तिर्नुपर्ने मूल्यको सही घोषणा गरेको खण्डमा विश्व व्यापार संगठनको भन्सार मूल्याङ्कन सम्झौताको कार्यान्वयन हुन सक्दछ र भन्सार प्रशासनले भन्सार मूल्य निर्धारणमा स्वविवेकी अधिकार प्रयोग गर्न पाउँदैन ।भन्सारको मूल्य नियन्त्रण भन्सार जाँचपाँस पछिको परीक्षणमा निर्भर हुने गर्दछ ।भन्सार मूल्याङ्कन प्रक्रियामा उच्च प्राविधिक सिप चाहिने भएकोले पूर्व तयारीहरु गरिनुपर्ने हुन्छ । व्यापारमा वैङ्क, व्यवसायिक घराना लगायत वहुपक्षीय निकायहरु संलग्न हुने र सवै पक्षले कारोवार मूल्यको राम्रो जानकारी नलिने र सो मूल्य निर्धारण गर्ने प्रक्रियाहरु विश्व व्यापार संगठनको भन्सार मूल्याङ्कन सम्झौताको प्रावधान अनुकूल हुने गरी पूर्वाधारको विकास नगरिएको हुदाँ भन्सार

विभागलाई कारोवार मूल्य निर्धारण गर्न कठिनाई भईरहेको छ । विश्व व्यापार संगठनको मूल्याङ्कन सम्झौताका प्रावधानसंग तादाम्य राख्न पूर्वाधारहरूको विकास र उपयुक्त मूल्याङ्कन स्वचालनका मोड्यूलहरु अपनाउनु आवश्यक छ ।

**भन्सार जाँचपाँस पछिको परीक्षणलाई प्रभावकारी वनाउने:** भन्सार जाँचपाँस पछिको परीक्षण कार्यले भन्सार अधिकृतलाई भन्सार जाँचपास भएको केही समय पछि अन्तर्राष्ट्रिय व्यापारमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न व्यक्ति तथा कम्पनीद्धारा सञ्चालित अभिलेखहरु, विवरणहरु र व्यापारिक तथ्याङ्कहरु भन्सार कानून अनुसार भए नभएको परीक्षण गरी घोषणाको सत्यता जाँच गर्न सघाउंछ र यो भन्सार नियन्त्रणको महत्वपूर्ण संयन्त्र मध्ये एक हो । मालवस्तुको घोषणा गर्दा अपनाउनु पर्ने कानून एवं अन्य कानूनी प्रावधानहरु पूरा गरिएको छ कि छैन सोको सत्यता निरुपणका लागि जाँचपास पछिको परीक्षण गरिन्छ । तसर्थ भन्सार महसुल र अन्य करहरु सङ्कलन र भन्सार जाँचपासलाई सहजीकरण गर्न जाँचपास पछिको परीक्षणलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नुपर्ने देखिन्छ । भन्सार विभागमा यसका लागि संरचना र प्रशिक्षित जनशक्ति अपर्याप्त रहेको छ । भन्सार जाँचपास पछिको परीक्षण जालसाजी एव छलकपट पत्ता लगाउने प्रभावकारी साधन हो र यसको उचित ढंगले विकास गरिएमा यसले राजस्व चुहावटको जोखिम घटाउन सक्दछ ।

**राजस्व चुहावट न्यूनीकरण गर्ने:** राजस्व चुहावटको विषय सरोकारवालाहरू विशेष गरी व्यापारिक समुदायहरुबाट बारम्बार उठाइने गरेको छ । विश्व व्यापार संगठनको भन्सार मूल्याङ्कन पद्धतिको पूर्ण कार्यान्वयन, वस्तुको सही वर्गीकरण, कानून परिपालना, पर्याप्त कानूनी, मानवीय एवं प्राविधिक सहयोगवाट व्यापार र राजस्वमा सकारात्मक प्रभाव पार्न सक्छ ।

**रणनीतिक योजनाको तर्जुमा:** भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्ययोजनालाई भन्सारको कार्यालयस्तर र शाखास्तरको रणनीतिक योजनासँग आवद्ध गरिनु पर्दछ जसले गर्दा अलग अलग कार्यसम्पादन योजनाहरुलाई संस्थागत रणनीतिक दिशातर्फ उन्मुख गर्न सकिनेछ ।

## ३. दूरदृष्टि, गन्तव्य, मान्यता र निर्देशक सिद्धान्तहरू

### दूरदृष्टि

नेपालको आर्थिक एवं सामाजिक समृद्धिका लागि उत्कृष्ट भन्सार सेवा ।

### गन्तव्य

सामाजिक-आर्थिक विकास, सामाजिक सुरक्षा एवं प्रत्याभूतिको लागि मैत्रीपूर्ण भन्सार नीतिहरुको अभिवृद्धिको सुनिश्चितता प्रदान गर्दै विश्वव्यापी आीर्थक क्रियाकलापका लागि अनुकूल वातावरण निर्माण गर्न र सेवाग्राहीको समय र मूल्यको सम्मान गर्न हामी कटिवद्ध छौ ।

गन्तव्यमा पुग्न भन्सार विभाग वैध व्यापारलाई प्रवर्द्धन तथा सहजिकरण गर्ने, प्रभावकारी र निर्वाद रुपमा समन्वयात्मक सीमा व्यवस्थापन गरी मानव स्वास्थको संरक्षण र सामाजिक कल्याणका लागि नेतृत्व प्रदान गर्ने, सही र स्वच्छ रुपमा राजस्व सङ्कलन गर्ने कार्यमा केन्द्रित हुनेछ ।

### मान्यताहरू

गन्तव्यमा पुग्न भन्सार विभागको व्यापारिक समुदाय, सर्वसाधारण र अन्य संगठनहरूसँगको पेशागत/व्यवसायिक सम्बन्ध देहायका मूल्य मान्यतामा निर्भर रहनेछ:

- **इमान्दारिता र सत्यनिष्ठाः** भन्सारका कर्मचारीहरूले कर्तव्यपालनाको सिलसिलामा वस्तुनिष्ठता, न्यायसँगत एवम् पारदर्शी र व्यक्तिगत स्वार्थ भन्दा सार्वजनिक हित सुनिश्चित हुने उच्च नैतिक मापदण्डहरुलाई व्यवहारमा देखाउने छन् ।
- **निष्पक्षता**ः भन्सार प्रशासनको सञ्चालन न्यायसँगत र निष्पक्षतावाट निर्देशित हुनेछ ।
- **जवाफदेहीः** भन्सार विभाग श्रोत साधनको पर्याप्त उपयोग गरी चुनौतीहरुको सामना गर्न उत्साह र धैर्यताका साथ उच्चतम प्रतिफल प्राप्तिका लागि जिम्मेवारी र पारदर्शी भई राष्ट्र निर्माण गर्ने दिशातर्फ लाग्नेछ ।
- **पारदर्शीः** सम्भव भएसम्म सूचना प्रविधिको उच्चत्तम उपयोगका साथ भन्सारका प्रक्रिया र कार्य पारदर्शीता बनाइने छ ।
- **पारस्परिक सद्भाव र शिष्टाचारः** भन्सारको कार्य वातावरण पारस्परिक सम्मान र शिष्टाचारमा आधारित हुनेछ ।
- **व्यवसायिकताः** भन्सारका कर्मचारीहरु दृढ संकल्पका साथ वर्तमान सामाजिक-आर्थिक चुनौतीहरूको सामना गर्न र आफ्नो कार्यलाई दक्षता एवम् सही रूपमा सम्पादन गर्न सक्षम हुनेछन् ।
- **समर्पण एवं उत्कृष्टताः** भन्सारका कर्मचारीहरूले समर्पण र उत्कृष्टताका साथ कार्य सम्पादन गर्नेछन् ।

**निर्देशक सिद्धान्तहरू**

भन्सार विभागको भूमिका स्वेच्छिक अनुपालनालाई प्रोत्साहन गर्ने, अन्तर्राष्ट्रिय आपूर्ति शृंखलाको सुरक्षण र सुरक्षाको सुनिश्चिताद्धारा देशको आर्थिक समृद्धिका लागि नागरिक, अर्थतन्त्र र वातावरणको संरक्षणमा केन्द्रित हुनेछ । यी निर्देशक सिद्धान्तहरू देहायका क्रियाकलापमा आधारित हुनेछन्:

- **अनुपालन लागत र समयावधि घटाउनेः** भन्सारका कार्यमा सरलता, दक्षता र पूर्वानुमान गर्न सकिने गराउने, अनुमति, लाईसेन्स, र प्रतिवेदन लिने काममा दोहोरोपन र ढिलासुस्ति हटाउन सम्वन्धित निकायसगं समन्वय गर्ने जस्ता कार्य गरी सेवा प्रदान गर्दा लाग्ने प्रशासकीय समय र लागत घटाइनेछ । यी माथिका कार्यका लागि Time Release Study निरन्तर रुपमा हुनुपर्नेछ ।
- **स्वच्छ बजार व्यवस्थाको सञ्चालनमा सहयोग गर्नेः** भन्सार विभागले लाभकारी क्रियाकलापहरुको प्रवर्द्धन, अस्वस्थ वजार प्रतिस्पर्धालाई निरूत्साहित गरी करदातालाई कानून परिपालनामा सघाउन, सदाचारको परिपालना गराउने तर्फ राम्रो र स्वच्छ वातावरणलाई प्रवर्द्धन गर्नेछ ।
- **निकासी प्रबर्द्धनमा सघाउनेः** भन्सारका नीति तथा कार्यहरु निकासी प्रवर्द्धनका लागि अनूकुल वातावरण सिर्जना गर्नेतर्फ निर्देशित हुनेछन ।
- **विकसित जोखिम व्यवस्थापन पद्धतिको अवलम्वनः** वैध व्यापारिक कारोवार तथा सर्वसाधारणको लागत न्यूनीकरण गर्न भन्सारका कार्यहरु र सञ्चालनमा जोखिम व्यवस्थापनलाई प्रभावकारी एवं दक्षतापूर्वक स्थापित गरिनेछ ।
- **लगानीको लागि प्रेरक वातावरण स्थापित गर्नेः** भन्सार विभागले कच्चा पदार्थको पैठारी र तयारी वस्तुको निकासीलाई सहज बनाई उद्योगहरुको समावेशी विकास र संभाव्य उद्योगहरूको लागि लगानीको अनुकूल वातावरण तयार गर्ने कार्यमा सहजीकरण तथा प्रवर्द्धन गर्नेछ ।

- **स्वस्थ वित्तीय संरचनाका लागि सही करारोपण गर्ने:** भन्सार विभाग व्यापार सहजीकरण प्रति विषेश ध्यान दिदै अधिकतम राजस्व उठाउन प्रतिवद्ध रहनेछ ।
- **समन्वय गर्ने:** प्रणाली विकासका लागि मुख्य सरोकारावालाहरूसँगको समन्वय र सहकार्य गर्ने भन्सार विभागको मुख्य चासाको विषय हुनेछ ।

## ४. भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्ययोजना (२०१७-२०२१) नतिजा ढाँचा

**उद्देश्य:** भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजनाले व्यापार सहजीकरण गर्ने, कारोवार लागत घटाउने, व्यवसायिक नेतृत्व विकास र भन्सार सहजीकरणका लागि मानवीय श्रोतको विकास गरी मुलुकको आर्थिक सम्वृद्धिका लागि अनुकूल वातावरण सिर्जना गर्ने तथा राजस्व सङ्कलन र सीमा सुरक्षामा सुधार गर्ने उद्देश्य राखेको छ ।

**लक्ष्य (प्रभाव) : जवाफदेही भन्सार प्रशासन**

भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्ययोजना (२०१७-२०२१) को गन्तव्य "२१ औं शताव्दीका सेवाग्राहीहरूको आवश्यकता प्रति जवाफदेही आधुनिक प्रशासनको रूपमा पहिचान स्थापित गर्नु" हो । निर्धारित लक्ष्य प्राप्तिका लागि भन्सारका प्रक्रियाहरु जस्तै मूल्याङ्कन, भन्सार जाँचपास पछिको परीक्षण, पूर्वादेश, मालवस्तुको आगमन पूर्व भन्सार प्रशोधन, शीघ्र जाँचपास, जोखिम व्यवस्थापन र विश्वसनीय व्यापारिक कार्यक्रम (TTP) लाई स्वचालित गरिनेछन् । यसैगरी, व्यापार सहजीकरणलाई सुधार गर्दै सेवाग्राहीहरूलाई अधिकतम सन्तुष्टी प्रदान गर्ने लक्ष्य पनि रहेको छ ।

**उपलव्धि १- व्यवसायिक तथा प्रतिस्पर्धी भन्सार सेवा**

व्यापार सहजीकरण एवं यात्रुहरूलाई सहयोग पुऱ्याउदै आफ्नो छवी सुधार गर्न भन्सार व्यवस्थापन सक्षम र सुदृढ हुनेछ ।

यसका लागि निम्न विषयहरूमा ध्यान केन्द्रित गरिनेछ:

(क) मालवस्तुहरूको अन्तर्राष्ट्रिय ओसारपोसार तथा यात्रुहरूले आफूसँगै ल्याएका मालवस्तुको स्पष्ट तथा छरितो मापदण्डद्धारा सुनिश्चितता, पूर्वानुमान र सुरक्षाको प्रवर्द्धन गर्ने,

(ख) पटक पटक विवरण दाखिला गर्नु पर्ने र भौतिक परीक्षण गर्नु पर्ने जस्ता अन्तर्राष्ट्रिय आपूर्ति शृंखलामा हुने ढिलाई र दोहोरोपनलाई घटाउने ।

(ग) औचित्यपूर्ण र लाभदायी आपसी साझेदारी विकास गर्न भन्सार प्रशासन र व्यवसायी एवं भन्सार र अन्य सरकारी निकायहरुवीच आपसी सहयोग सुदृढ गर्ने ।

(घ) वैध व्यापारलाई सहजीकरण गर्न सक्ने गरी कानूनको अनुपालनलाई प्रवर्द्धन गर्न भन्सार प्रशासनलाई हैसियत प्रदान गर्ने ।

संशोधित क्योटो महासन्धिको सामान्य अनुसूची र विश्व व्यापार संगठनको व्यापार सहजीकरण सम्झौतामा उल्लेखित प्रावधान अनुकूल हुने गरी राष्ट्रिय कानून निर्माण गर्नेतर्फ भन्सारको ध्यान केन्द्रित हुनेछ । वैध व्यापारलाई वढावा दिन विश्वसनीय व्यापारीक कार्यक्रम सञ्चालित हुनेछ । साथै, भन्सारमा सदाचारिता वढाउन व्यक्तिगत कार्यसम्पादन सूचकहरूको विकास हुनेछ र यसको परिणामलाई कर्मचारीहरूको वार्षिक कार्यसम्पादन मूल्याङ्कनमा आवद्ध गरिनेछ । भन्सारको वार्षिक वजेट तथा कार्यक्रममा भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्ययोजना पूर्णरूपले एकीकृत हनेछ ।

अधिकांश घोषणाहरु (आयत तथा निर्यात) को प्रशोधन मार्फत भन्सार स्वचालन र तथ्याङ्क व्यवस्थापनमा बृद्धि गरिनेछ । केन्द्रिकृत भन्सार जाँचपासको थालनी गरिनेछ । NNSW

पद्धतिको विकास, परीक्षण र ASYCUDA World एवं छनौट गरिएका संस्थाहरूसँग आवद्ध गरिनेछ ।

भन्सारको मानव श्रोत व्यवस्थापन क्षमता सुदृढ हुनेछ । भन्सार कर्मचारी समूहभित्रै वा भन्सार बाहिरका व्यवसायिक विशेषज्ञहरूको व्यवस्था गरी संगठनको पुनर्संरचना गरिनेछ र विषयगत क्षेत्रहरूमा क्रियाशील गराइनेछ, उदाहरण स्वरूप हार्मोनाइज्ड प्रणाली, मूल्याङ्कन, भन्सार जाँचपाँस पश्चात परीक्षण, जोखिम व्यवस्थापन, Time Release Study, विश्वसनीय व्यापारिक कार्यक्रम, शीघ्र जाँचपास, पूर्वादेश, मालवस्तु आगमनपूर्व भन्सार प्रशोधन, समन्वायत्मक सीमा व्यवस्थापन इत्यादि । अल्पकालीन, मध्यकालीन र दीर्घकालीन क्षमता विकासको योजना सहित मावन संसाधन व्यवस्थापन योजनालाई पुनरावलोकन गरिनेछ । भन्सारका कर्मचारी एवं सरोकारवालाहरुको आवश्यकता पहिचानका आधारमा क्षमता वढाईनेछ । नयाँ सांगठनिक संरचनामा प्राविधिक एवं व्यवसायिक विशेषज्ञहरूको रूपमा “विशेषज्ञ समूह” को व्यवस्था हुनेछ ।

प्रमुख भन्सार कार्यालयहरूमा पूर्वाधार एवं भौतिक सुविधाहरूको विकास गरिनेछ । भन्सारमा सार्वजनिक खरिद कार्य सुदृढ हुनेछ । प्रमुख भन्सार कार्यालयहरूमा एक्सरेबाट मालवस्तु एवं यात्रुहरुको जांच गर्ने प्रविधिको अवलम्वन संगै यात्रु मार्गको विकास हुनेछ । झिटी गुण्टा एवं अन्य आयात/निर्यातका मालवस्तुहरूको जोखिम विश्लेषणमा सघाउ पुयाउन अन्तर्राष्ट्रिय विमानस्थलहरूमा यात्रु नामावली अभिलेख (PNR), अग्रिम यात्रु सूचना प्रणाली (APIS) प्रारम्भ गरिनेछ ।

**उपलव्धि २- यथार्थ राजस्व सङ्कलन**

कानूनको परिपालन, कार्यान्वनमा सुधार एवं चुहावट नियन्त्रण गरी पैठारी हुने मालवस्तुमा भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र अन्य करहरुको माध्यमबाट बढी राजस्व सङ्कलन गरिनेछ ।

भन्सार प्रशासनले विश्वव्यापीकरणको बढ्दो प्रभाव, क्षेत्रीय व्यापार सम्झौताको प्रसार, अन्तर व्यापार एवं व्यवसायमा भएको विस्तारलाई स्वीकार गर्दै न्यायसंगत, प्रभावकारी एवं कुशलतापूर्वक राजस्व संकलनका लागि प्रयास गर्नुपर्ने आवश्यक देखिन्छ ।

प्रभावकारी एवं कुशल राजस्व संकलनका प्रक्रियाहरु भन्सार एवं व्यापार दुवै दृष्टिकोणबाट उच्च प्राथमकितामा पर्न गएको छ । भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्ययोजनाको यो चरणमा राजस्व चुहावटको न्यूनीकरण गरिनेछ ।

राजस्व परिचालन क्षमता वढाउने केन्द्रको रुपमा भन्सार प्रशासनको सुधार हुनेछ । जुन वृहत शासकीय सुधारका लागि तिव्र एवं न्यायसँगत राजस्व परिचालनका लागि आवश्यक छ । भन्सार विभाग, कानूनहरु, अन्तर्राष्ट्रिय सम्झौतामा उल्लेखित अनुकरणीय मापदण्ड तथा मार्गदर्शन, अभिसन्धिहरु र आवश्यक उपकरणहरुको परिपालनसँगै राजस्व सङ्कलनको दक्षता एवं प्रभावकारितामा सुधार गर्न प्रयासरत रहनेछ ।

प्रभावकारी राजस्व सङ्कलनका लागि क्षमता विकास एवं तालिम अत्यन्त महत्वपूर्ण हुने भएकोले भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्ययोजना (२०१७-२०२१) मा यसलाई सुदृढीकरण गरिनेछ । यसले, केवल भन्सार आधुनिकीकरणका आधारभूत सिद्धान्तहरूलाई मात्रै नसमेटी (उदाहरणस्वरूप पूर्वाधार, सांगठनिक विकासहरू र अनुपालन व्यवस्थापन) मूल्याङ्कन एवं उत्पत्ति नियमका प्राविधिक पक्षहरूलाई समेत समेट्ने छ । राजस्व सङ्कलनमा अवलम्बन गरिने दक्षता एवं प्रभावकारिताले व्यापार सहजीकरणलाई सुधार गर्न पनि योगदान पुऱ्याउनेछ । यसका लागि भन्सार प्रशासनले कर प्रशासनसँग अझ बढी कार्यगत रुपमा आवद्ध हुने आवश्यकता रहनेछ ।

सेवाग्राहीको कानून अनुपालनाको स्तर वृद्धि गर्न अनुपालन व्यवस्थापन एवं स्वेच्छिक परिपालनाको स्तरमा वृद्धि हुनेछ । स्वेच्छिक अनुपालनासगै निकासीकर्ता एवं पैठारीकर्ताहरु आफ्ना अधिकार एवं दायित्वका वारेमा सचेत हुनेछन जसले गर्दा सही र समग्र अनुपालना स्तरमा वृद्धि गरेर संशोधित घोषणाहरूको संख्या र जरिवानालाई घटाउने छ ।

भन्सारमा मालवस्तु जाँचपास गर्दा जोखिम व्यवस्थापनका लागि नेपाल भन्सार स्वचालन प्रणाली (NECAS) लाई क्रियाशिल वनाईनेछ । NECAS, PCA, मूल्याङ्कन र TTP को प्रभावकारी सञ्चालनसँगै र जोखिम व्यवस्थापनको उपयुक्त संगठन संरचना निर्माण हुनेछ । प्रमुख भन्सार कार्यालयहरूमा छनौट मार्गहरु (रातो, पहेलो, निलो र हरियो) संचालन गरिनेछन् । पैठारी भएका मालवस्तु मध्ये पहेलो र हरियो च्यानलबाट ८० प्रतिशत मालवस्तु जाँचपास गरिनेछ ।

**उपलब्धि ३: सामाजिक संरक्षण र सुरक्षा**

मुलुकमा अवैध व्यापार एवं हानिकारक मालवस्तुको ओसारपसारलाई निषेध गर्न मालवस्तुको परिवहन, ढुवानीका साधन एवं ढुवानी उपकरणहरू (कन्टेनर, प्यालेट्स, क्रेट्स) उपर निगरानी एवं नियन्त्रणका अन्य उपायहरू अपनाइनेछन् ।

भन्सारका विश्वव्यापी स्वीकार्य मान्यताहरु जस्तै प्रभावकारी व्यापार सहजीकरण र राजस्व सङ्कलनको साथै सामाजिक सुरक्षा एवं संरक्षणलाई सुनिश्चित गर्ने नीति तथा कार्यविधिलाई भन्सार प्रशासनले अनुसरण गर्नेछ । सूचना प्रविधि तथा संचार साधनको प्रयोगद्वारा मालवस्तुको अन्तर्राष्ट्रिय ओसारपोसार, परिवहन एवं मालवस्तुसँग सम्बन्धित व्यक्तिहरूको बारेमा आवश्यक जानकारी प्राप्त हुनेछ ।

भन्सार विभागले सीमा क्षेत्रमा हातहतियार एवं आमविनासकारी मालवस्तु, साना हतियारहरू, विष्फोटक पदार्थ र द्वैध प्रयोगका मालवस्तुहरुको अवैध ओसारपसारको माध्यमवाट सर्वसाधारणको सुरक्षामा हुने गम्भीर चुनौतीहरुको सामना गर्न महत्वपूर्ण भूमिका खेल्नेछ । प्रमुख भन्सार कार्यालयहरूमा मालबस्तुको जांच एक्सरेबाट गर्ने प्रविधिको अवलम्वन गरिने छ ।

## ५. रणनीतिहरू र महत्वपूर्ण क्रियाकलापहरू

**उपलब्धि १: व्यवसायिक तथा प्रतिस्पर्धी भन्सार सेवा**

भन्सारको छवी बढाउने र व्यापार सहजीकरण एवम् यात्रुलाई सहयोग पुऱ्याउन सक्षम भन्सार व्यवस्थापन । यो नतिजा प्राप्तिका लागि देहायका रणनीतीहरू र क्रियाकलापहरू उल्लेख गरिएका छन्:

**रणनीति १: व्यापार सहजीकरण गर्ने:**

भन्सार विभागले विश्व व्यापार संगठनको व्यापार सहजीकरण सम्झौता, संसोधित क्वेटो महासन्धिको सामान्य अनुसूची र अन्य समकालिन अन्तर्राष्ट्रिय पद्धति एवं मापदण्डहरुलाई कार्यान्वयन गर्न उपयुक्त कानून तथा नीति बनाउने र प्रशासनिक उपायहरू अपनाउनेछ । व्यापारिक कारोवारलाई सघाउ पुऱ्याउने गरी सहज एवं सरलीकृत भन्सार जाँचपास एवं अन्य प्रक्रियागत सरलीकरणको माध्यमवाट व्यापारको समय र लागत घट्नेछ । यो रणनीति अन्तरगत महत्वपूर्ण क्रियाकलापहरू देहाय बमोजिम रहेका छन्:

१.१ निकासी, पैठारी एवं पारवहन कार्यविधिको प्रभावकारी एवं कुशलतापुर्वक कार्यान्वयन गर्न ऐन कानूनमा सुधार गर्ने ।

१.२ निकासीतथा पैठारीका कारोवारमा प्रयोग हुने कागजातहरूको पुनरावलोकन गर्ने ।

१.३ विश्वसनीय व्यवसायी कार्यक्रम (Trusted Trader Program) को थालनी गर्ने र आधिकारिक आर्थिक संचालक (Authorized Economic Operator) को योजना तयार गर्ने ।

१.४ विलम्वित भुक्तानी (Deferred Payment) पद्धतिको अध्ययन गर्ने ।

१.५ भन्सार महसुलको पुनरावलोकन गर्ने ।

१.६ पूर्वादेशको विकास एवं कार्यान्वयन गर्ने ।

१.७ Time Release Study गर्ने ।

१.८ सेवाग्राही सेवाकक्षको स्थापना र प्रभावकारी सञ्चालन गर्ने ।

१.९ भन्सारको वेबसाइटको सुदृढीकरण र अद्यावधिक गर्ने ।

१.१०. भन्सारका सरोकारवालाहरूसँग सहयोग अभिवृद्धि तथा सुधार गर्ने ।

१.११ अन्य भन्सार प्रशासनहरूसंग सूचना आदनप्रदान गर्ने ।

१.१२ गुनासो सुनुवाई संयन्त्रको स्थापना गर्ने ।

१.१३ शीध्र जाँचपास पद्दतिको कार्यान्वयन गर्ने ।

**रणनीति २: सदाचार र सुशासन प्रवर्द्धन गर्ने**

सांगठनिक संस्कृति विकासद्वारा सदाचारतामा वृद्धि हुनेछ जसले उच्चस्तरको सदाचारलाई प्रोत्साहित गर्नेछ । भन्सारको विश्वसनीयतामा सुधार एवं सामाजप्रतिको दायित्वहरू निर्वाह (उदाहरण स्वरूप व्यवसाय उन्मुख व्यवहार, व्यवसायिक सेवाका मापदण्ड) र जवाफदेहिता (बढी पारदर्शी र उच्च क्षमतावान/तालिम प्राप्त कर्मचारी) को माध्यमबाट समाजमा एउटा भरपर्दो एवं अभिन्न अगंको रूपमा भन्सारको छवीमा वृद्धि हुनेछ । यस रणनीति अन्तर्गत महत्वपूर्ण क्रियाकलापहरू देहाय बमोजिम रहेका छन्:

२.१ सांगठनिक स्व-मूल्याङ्कन गर्ने ।

२.२ सदाचार योजना तयार गर्ने ।

२.३ पुरस्कार र दण्ड प्रणालीको थालनी गर्ने ।

२.४ कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणालीको विकास गर्ने ।

२.५ भन्सार विभागको वार्षिक योजनामा भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजनालाई एकीकरण गर्ने ।

२.६ भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजनाको अनुगमन गर्ने ।

२.७ सार्वजनिक खरिद योजना वनाउने र व्यवस्थापन गर्ने ।

२.८ भन्सार विभागलाई आफ्नो भूमिका र जिम्मेवारीहरुको प्रभावकारी एवं कुशलतापूर्वक निर्वाह गर्न पर्याप्त वित्तीय श्रोतको व्यवस्था मिलाउने ।

**रणनिती ३: भन्सार स्वचालन र तथ्याङ्क भण्डारणको व्यवस्थापनमा जोड दिने**

भन्सार विभागले व्यापार सहजीकरणलाई सहयोग पुग्ने उपयुक्त सूचना प्रविधि पूर्वाधारको विकास गरी नेपाल राष्ट्रिय एकद्वार प्रणाली (NNSW) सँग आवद्ध गर्नेछ । अधिकाशं भन्सार कार्यालयहरूमा ASYCUDA World प्रणाली कार्यान्वयन हुनेछ । यस रणनीति अन्तर्गत देहायका क्रियाकलापहरू रहेका छन्:

३.१ नेपाल भन्सार स्वचालन प्रणाली (NECAS) लाई सुधार गर्ने ।

३.२ मुख्य मुख्य भन्सार कार्यालयहरूको सूचना सञ्जाल सुधार गर्ने ।

३.३ कम्प्यूटर प्रणालीको प्रयोगवाट भन्सारको कार्यसंचालनमा प्रभावकारिता वढाउने ।

३.४ भन्सारका सवै क्षेत्रमा सूचना प्रविधि पूर्वाधारहरुको उपयोग गरी भन्सारको क्षमता वृद्धि गर्ने ।

३.५ नेपाल भन्सार स्वचालन प्रणालीका कार्यहरु समावेश गरी Mobile Apps को विकास गर्ने ।

३.६ नेपाल राष्ट्रिय एकद्धार प्रणाली (NNSW) को विकास र कार्यान्वयन गर्ने ।

३.७ भन्सारका सवै तथ्याङ्कहरूको लागि सुरक्षित Data Warehouse निर्माण गर्ने ।

३.८ आवधिक जाँच र प्रणाली परीक्षण गर्ने ।

३.९ सूचना सम्प्रेषण गर्ने ।

३.१० भन्सार एजेन्ट व्यवस्थापन प्रणालीको विकास गर्ने ।

**रणनिति ४: जनशक्ति व्यवस्थापन र क्षमता विकास गर्ने**

परिवर्तन व्यवस्थापनमा ध्यान केन्द्रित गर्दै सदाचारिता र ज्ञानमा आधारित व्यवसायिक संस्थाको निर्माण गर्न एवं दिगोपनालाई सुनिश्चित गर्दै भन्सारको व्यवस्थापकीय क्षमता र नेतृत्वलाई सुधार गर्नेतर्फ रणनीतिका उद्देश्यहरू निर्देशित रहेका छन् । साथै, भन्सारको योजना तथा व्यवस्थापन क्षमतालाई सुदृढीकरण गरिनेछ । संगठनमा कार्यात्मक मानव श्रोत योजना र व्यवस्थापन नीति रहनेछ । यस रणनीति अन्तर्गतका महत्वपूर्ण क्रियाकलापहरू देहाय बमोजिम छन्:

४.१ मानव श्रोत गुरू योजना (HRMP) स्वीकृत गर्ने र कार्यान्वयन गर्ने ।

४.२ संगठनात्मक संरचनाको पूनरावलोकन गर्ने ।

४.३ भन्सार प्रशासनको प्राविधिक क्षमताको विकास गर्ने ।

४.४ जिन्सी अभिलेख र लेखाङ्कन पद्धतिलाई अध्यावधिक गर्ने ।

४.५ राजस्व समूह वाहेकका कार्यहरुमा पनि तालिम र शिक्षा प्रदान गर्ने ।

४.६ भन्सार व्यवसायमा संलग्न भन्सार एजेन्ट र सरोकारावालहरूको कार्यसम्पादनस्तर वृद्धिका लागि सहजीकरण र सहयोग गर्ने ।

४.७ समन्वयात्मक सीमा व्यवस्थापन (CBM) गर्ने ।

४.८ अनुपालन व्यवस्थापन (स्वेच्छिक अनुपालन समेत) मा क्षमता विकास गर्ने ।

४.९ जोखिम व्यवस्थापनको क्षमता बढाउने ।

४.१० नेतृत्व, व्यवस्थापन र व्यवसायिक क्षमता वढाउने ।

४.११ भन्सारमा कर्मचारीहरूलाई संगठनमा कायमै (Retain) राख्ने ।

४.१२ भन्सार उप-समूहको गठन गर्ने ।

४.१३ भन्सारको संस्थागत क्षमता वढाउन स्वायत्त राजस्व बोर्ड स्थापना गर्ने ।

४.१४ चक्रिय (कार्यात्मक) कार्यपद्धतिको पूनःलेखाजोखा गर्ने ।

**रणनीति ५: पूर्वाधार निर्माण तथा भौतिक सुविधामा वृद्धि :**

आधुनिक एवं कुशल कार्यवातावरण प्रदान गर्न भन्सारका भौतिक सुविधाहरुमा सुधार हुनेछ । आधुनिक भन्सार प्रशासनको कार्यान्वयन सुनिश्चित गर्न भन्सार विभागले भौतिक पूर्वाधार सुधार योजना कार्यान्वयन गर्नेछ । यस रणनीति अन्तर्गत मुख्य क्रियाकलापहरू देहाय बमोजिम छन्:

५.१ भौतिक पूर्वाधार सुधार गुरूयोजना स्वीकृति र कार्यान्वयन गर्ने ।

५.२ ICP र ICD को निर्माणका डिजाईन र स्वरुपमा एकरुपता कायम गर्ने ।

५.३ भन्सार कार्यालयहरूको लागि जग्गा प्राप्त गर्ने ।

५.४ कार्य वातावरणमा सुधार ल्याउन भन्सारका भवनहरू निर्माण गर्ने ।

५.५ भन्सार प्रयोगशालाको स्थापना/आधुनिकीकरण गर्ने ।

५.६ भन्सार स्वचालन प्रणाली सुनिश्चित गर्न आधुनिक प्रविधिले संचालन हुने भौतिक सुविधाहरूको अधिकतम उपयोगलाई निरन्तरता दिने ।

५.७ मुलकको उत्तरी सीमा क्षेत्रका भन्सार कार्यालयका पूर्वाधारहरु पुनःनिर्माण गर्ने ।

**रणनीति ६: यात्रु जाँचपासमा सुधार गर्ने**

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय र अन्य मुख्य मुख्य भन्सार कार्यालयमा नियन्त्रण एवं सहजीकरणलाई व्यवस्थित गर्न यात्रुहरुको झिटीगुण्टा भारी जाँचपास कार्यमा सुधार ल्याइनेछ । भन्सार विभागले मूल भन्सार कार्यालयहरूमा यात्रु मार्गको विकास गरी स्वचालित भन्सार जाँचपास प्रणालीको कार्यान्वयन गर्नेछ । यस रणनीति अन्तर्गतका मुख्य क्रियाकलापहरू देहाय अनुसार छन्:

६.१ यात्रु मार्गको विकास गर्ने ।

६.२ यात्रु जाँचपास सहजीकरण तिव्र पार्ने ।

६.३ कुरियर कार्गो जाँचपासका लागि बेग्लै भन्सार इकाई तोक्ने ।

६.४ अग्रिम यात्रु सूचना प्रणाली स्थापना गर्ने ।

**नतिजा २: यथार्थ राजस्व सङ्कलन**

कानूनको परिपालना, कार्यान्वयनमा सुधार एवं चुहावट नियन्त्रण गरी पैठारी हुने मालवस्तुमा भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र अन्य करहरुको माध्यमबाट बढी राजस्व सङ्कलन गरिने छ ।

**रणनीति ७: यथार्थ राजस्व सङ्कलन गर्ने:**

भन्सार विभागले अनलाईन मूल्याङ्कन डाटावेसमा भन्सार कार्यालयहरुको सहज पहुँच पुग्न सक्ने संयन्त्रको विकास र नियमित अनलाईन अनुगमन गर्न केन्द्रीय अनुगमन शाखालाई सुदृढीकरण, भन्सार कार्यालयहरुको मासिकस्तर निर्धारण, मूल्य घोषणा र विभागले दिने पूर्वादेशको गोप्यता सुनिश्चित गर्न भन्सार कानूनमा आवश्यक परिमार्जन गर्नेछ । यथार्थ राजस्व संकलनका लागि मूल्याङ्कन, वस्तु वर्गीकरण, उत्पत्ति एवं अन्य राजस्वसँग सम्बन्धित कानूनी व्यवस्थाहरूको उपयुक्त ढङ्गले कार्यान्वयन गरिनेछ । यस रणनीति अन्तर्गतका क्रियाकलापहरू देहाय बमोजिम छन्:

७.१ भन्सार मूल्याङ्कनको परिपालना गराउने वातावरणमा सुधार गर्ने ।

७.२ पैठारीका डाटावेश र कागजातहरुमा मूल्याङ्कन अधिकृतलाई पहुँच दिने ।

७.३ भन्सार विभागमा केन्द्रीय मूल्याङ्कन डाटावेश स्थापना गर्ने र भन्सार एवं तोकिएका कार्यालयहरूलाई पहुँच उपलव्ध गराउने ।

७.४ पैठारीकर्ताले घोषणा गरेको मूल्यलाई जोखिममा आधारित भई जाँच गर्ने ।

७.५ ASYCUDA World प्रणालीमा मूल्याङ्कन डाटावेश मोड्यूललाई कार्गो जाचपाँस प्रणालीसँग आवद्ध गर्न Tariff Specification Code (TSC) को विकास गर्ने ।

७.६ वस्तु वर्गीकरण प्रणालीमा सुधार गर्ने ।

७.७ पैठारीको कारोवारलाई वैकिङ्ग प्रणाली मार्फत कार्यान्वयन गर्न प्रणालीको विकास गर्ने ।

७.८ मूल्याङ्कन एवं भन्सार जाँचपाँस पछिको परीक्षण सम्बन्धी समकालीन अनुकरणीय पद्धति प्रतिविम्वित भएको सुनिश्चित गर्न निर्देशिका अद्यावधिक गर्ने ।

७.९ भन्सार जाँचपास परीक्षण कार्यालयको सुदृढीकरण गर्ने ।

७.१० भन्सार जाँचपास परीक्षण कार्यालय मातहत रहने गरी प्रमुख भन्सार कार्यालयहरुमा भन्सार जाँचपास परीक्षण इकाई स्थापना गर्ने ।

७.११ राजस्व प्रणालीको अनुगमनलाई सुदृढीकरण गर्ने ।

**रणनीति ८: अनुपालन व्यवस्थापन/स्वेच्छिक अनुपालन सुदृढ गर्ने**

स्वेच्छिक अनुपालनलाई अभिप्रेरित गर्न उपचारात्मक एवं कानून कार्यान्वयन उपायको सन्तुलित संयोजन कायम राख्न भन्सारमा स्वेच्छिक अनुपालनलाई अभिवृद्धि गरिनेछ र आन्तरिक राजस्व विभाग (IRD) सँग आवद्ध गरिनेछ । भन्सार प्रक्रियाका सबै सूचनाहरूमा पहुँच सहित सेवाग्राहीहरूलाई वेबमा आधारित घोषणा गर्न सक्ने वनाएर भन्सार विभागले समग्र भन्सार व्यवस्थापन प्रणालीको दक्षता र प्रभावकारितामा वृद्धि ल्याउनेछ र स्वेच्छिक परिपालनलाई प्रोत्साहित गरिनेछ । यस रणनीति अन्तर्गत महत्वपूर्ण क्रियाकलापहरू देहाय बमोजिम छन्:

८.१ अनुपालन रणनीति दस्तावेजको विकास गर्ने ।

८.२ अनुपालन व्यवस्थापनको निम्ति मापदण्डहरू निर्धारण गर्ने ।

८.३ अनुपालन व्यवस्थापन/स्वेच्छिक अनुपालन कार्यान्वयन गर्ने ।

८.४ अनुपालन प्रणालीको प्रभावकारिताको मूल्याङ्कन गर्ने ।

८.५ अनुपालन योजनाको सूचना दिने र सम्प्रेषण गर्ने ।

८.६ संस्थागत सहकार्यताको विकास गर्ने ।

८.७ अनुपालन व्यवस्थापनको कार्यसम्पादन मापन गर्ने ।

**रणनीति ९: विकसित जोखिम व्यवस्थापन गर्ने**

अन्तर्राष्ट्रिय मापदण्डहरु एवं असल अभ्यासहरू अवलम्वन गरेर जोखिम व्यवस्थापनको प्रभावकारी कार्यान्वयन हुनेछ । जोखिम व्यवस्थापन एवं छनौट प्रणालीको कार्यान्वयन गर्न भन्सार विभागले छनौटका सूचकहरू र मापदण्डहरू स्थापित गर्ने, सन्दर्भ सूची/जोखिमका परिसूचकहरु र Risk Engine तयार गरी जोखिम व्यवस्थापन र छनौट प्रणालीको कार्यान्वयन गर्नेछ । यस रणनीति अन्तर्गत महत्वपूर्ण क्रियाकलापहरू देहाय बमोजिम छन्:

९.१ जोखिम व्यवस्थापन रणनीति विकास गरी कार्यान्वयन गर्ने ।

९.२ ईन्टेलिजेन्स, जोखिम व्यवस्थापन सम्बन्धी सूचनाहरु सम्वन्धित निकायहरु वीच आदान-प्रदान गर्ने ।

९.३ सीमावर्ती भन्सार जाँचपास अनुगमन प्रणालीलाई सक्षम वनाउने ।

९.४ भन्सारमा कार्गो जाँचपास गर्दा जोखिम व्यवस्थापन प्रणालिका सिद्धान्तहरूको विकास गर्ने ।

९.५ भन्सार सिल प्रणालीको माध्यमवाट कन्टेनरको पारवहनमा नियन्त्रण कायम गर्ने ।

९.६ भन्सार विभागका नीति एवं कार्य संचालनमा जोखिम व्यवस्थापनलाई विस्तार गरी र पूर्णरूपमा एकीकृत गर्ने ।

**उपलब्धि ३: सामाजिक सुरक्षा एवं प्रत्याभूति**

मुलुकमा अवैध व्यापार र हानीकारक मालवस्तुहरूको आवागमनलाई निषेध गर्न मालवस्तुको परिवहन, ढुवानीका साधनहरू र ढुवानीका उपकरणहरू (कन्टेनर, प्यालेट्स, क्रेट्स) उपर निगरानी एवं नियन्त्रणका अन्य उपाय र रणनीति अपनाइनेछ । यो नतिजा प्राप्तिका रणनीति एवं क्रियाकलापहरू देहाय बमोजिम रहेका छन्:

**रणनीति १०: समाजको संरक्षण, सुरक्षा र प्रत्याभूति गर्ने**

भन्सार विभागको कार्यहरू सामाजिक संरक्षण गर्ने तर्फ निर्देशित हुनेछन् र गैरनियामक कार्यहरु मुलतः पाँच खण्डमा केन्द्रित हुनेछन जस्तै, सुरक्षा, स्वास्थ्य, अर्थतन्त्र, वातावरण र समाज (SHEES) । मुख्य मुख्य भन्सार कार्यालयहरुमा एक्सरेबाट मालवस्तु जांच गर्ने प्रविधिको अवलम्वन गरिनेछ र भन्सार विभागको प्रयशोगशालाई आधुनिकीकरण गरिनेछ । सीमामा हुने अवैध गतिविधिका साथै तस्करी नियन्त्रण गर्न भन्सारको कमाण्डलाई सुदृढ गरिनेछ । यस रणनीति अन्तर्गत मुख्य कार्यहरू देहाय बमोजिम छन्:

१०.१ समाजको संरक्षणको क्षेत्रमा भन्सारको रणनीति तयार गर्ने ।

१०.२ सीमामा हुने तस्करी तथा अवैध व्यापारको नियन्त्रण तथा CITES र ODS जस्ता हानीकारक वस्तुहरूको परीक्षण गर्न तथा वातावरणीय संरक्षणका क्षेत्रमा भन्सारको प्रयोगशालाको क्षमता वढाउने ।

१०.३ सीमामा रहेका संगठनहरु, स्थानीय निकायहरु, स्थानीय सुरक्षा निकाय र क्षेत्रीय राजस्व अनुसन्धान कार्यालयवीच सहयोग र समन्वय गर्ने ।

१०.४ भन्सार कार्यालहयरूमा आपसी आवद्धता सहितको नमुना प्रयोगशाला तयार गर्ने ।

१०.५ अवैध व्यापारलाई न्यूनीकरण गर्ने कार्यक्रम, योजना तथा संयन्त्रको विकास गर्ने ।

१०.६ भन्सार प्रमुखको मातहत रहने गरी छुट्टै भन्सार सुरक्षा बल गठन गर्ने सम्वन्धमा समीक्षा गर्ने ।

१०.७ लागू पदार्थ, नक्कली मुद्रा, नक्कली मालवस्तुहरूलाई प्रभावकारी रूपमा नियन्त्रण गर्न एक संयन्त्रको स्थापना गर्ने ।

**रणनीति ११: समन्वयात्मक सीमा व्यवस्थापन गर्ने**

यस रणनीति अन्तर्गत समन्वयमा सुधार एवं दोहोरो समय तथा लागत न्यूनीकरण गरेर सीमावर्ती अन्य निकायहरुसंग सीमाका प्रक्रियाहरूमा सामाञ्जस्यता एवं सरलता ल्याउन र दोहोरोपन हटाई व्यापार सहजीकरणमा सुधार गर्न संयुक्त कार्य, नीतिहरू, कार्यक्रम र क्रियाकलापहरूको विकास, तर्जुमा र कार्यान्वयन गरिनेछन् । यस अन्तर्गत मुख्य क्रियाकलापहरू देहाय बमोजिम छन्:

११.१ राष्ट्रिय समन्वयात्मक प्रक्रियामा भन्सारको भूमिकालाई परिभाषित गर्ने ।

११.२ अन्तर निकायगत सम्झौता एवं व्यवस्थाहरूलाई अगाडि वढाउने ।

११.३ राष्ट्रिय व्यापार र उद्योग संगठनहरूसँग समझदारी MOU गर्ने ।

११.४ सीमा क्षेत्रमा भन्सारले निर्वाह गर्नुपर्ने संस्थागत सामाजिक उत्तरदायित्वका कार्यक्रमहरूको विकास गर्ने ।

११.५ सीमावर्ती निकायका वीच क्षमतास्तर, कार्य समय सामाञ्जस्यीकरण र अन्य सम्भाव्य क्षेत्रहरूको सामान्जस्यीकरणका लागि निर्देशिका तयार गर्ने ।

**जोखिम र पूर्वानुमानहरू**

मुख्य जोखिमहरू र पूर्वानुमानहरू देहाय बमोजिम छन्:

- भन्सारका प्राथमिकताहरूसँग राष्ट्रिय नीति अनुकूल रहनेछ ।
- भन्सार विभागको लागि विकास साझेदारहरूको समर्थन कायम रहनेछ ।

भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्य योजनाको नतिजामूलक ढाँचा परिशिष्ट-१ मा दिइएको छ ।

## ६. कार्यान्वयन

भन्सार सुधार तथा आधुनिकीकरण रणनीति तथा कार्य योजनाका क्रियाकलापहरू भन्सार विभाग र भन्सार कार्यालयहरूवाट कार्यान्वयन हुनेछन् । नेपाल सरकारद्वारा भन्सार विभागलाई छुट्याइएको वार्षिक वजेट भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्य योजनाको क्रियाकलापहरूमा उपयोग गरिनेछ । विदेशी सहयतावाट संचालित क्रियाकलापहरुको समीक्षा विकासका साझेदारहरुसँगको समन्वयमा गरिनेछ ।

कार्यान्वयन रणनीतिहरू देहाय बमोजिम हुनेछन्:

(क) भन्सार विभागले भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्ययोजना २०१७-२०२१) को आधारमा १० वटा मुख्य मुख्य भन्सार कार्यालयहरुको लागि अलग्गै योजना तयार गर्नेछ । भन्सार कार्यालयहरुको योजना भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्ययोजना तथा विभागको सम्वन्धित शाखाको योजनासँग आवद्ध हुनेछ । भन्सार कार्यालय र भन्सार विभागको शाखाहरूले त्रैमासिक एवं वार्षिकरूपमा भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्ययोजनाको कार्यान्वयन प्रगतिको अनुगमन गर्नेछन् ।

(ख) भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्ययोजना (२०१७-२०२१) को अनुगमन प्रणाली सन् २०१८ को जुलाईसम्ममा भन्सार विभागको अनुगमन शाखाद्वारा तयार गरिनेछ र भन्सार विभागको व्यवस्थापनलाई प्रत्येक वर्ष यसको स्थितिवारे जानकारी गराउने गरी प्रगति अनुगमन गर्नेछ ।

(ग) भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजना (२०१७-२०२१) ले विविध सुधारहरूको अपेक्षा गरेको छ जसमा केन्द्रीय एवं कार्यक्षेत्र तहमा भन्सारमा औपचारिक परिवर्तन व्यवस्थापन कार्यक्रमको माग गर्दछ । यसको लागि परिणाम एवं क्रियाकलापहरू पहिचान गरिनेछन् र परिवर्तन व्यवस्थापन सम्वद्ध मापनहरू भन्सार विभाग र भन्सार कार्यालयहरूको वार्षिक कार्ययोजनामा समावेश गरिनेछन् । क्रियाकलापहरूको कार्य तालिका तथा समाधानका उपायहरू समेतको आधारमा सम्भाव्य जोखिम पहिचान गरेर भन्सार विभागबाट यस अवस्थामा आइपर्ने कुनै पनि अप्रत्याशित समस्याहरूको समाधान गरिनेछ ।

(घ) भन्सार विभाग तथा भन्सार कार्यालयहरुले नयाँ पूर्वाधार, नयाँ संस्थाहरू र नयाँ श्रोत भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्ययोजना (२०१७-२०२१) को

कार्यान्वयनका सबै पक्षहरुमा समाहित गर्नेछन् र वित्तीय श्रोतको उपलब्धता र सोही मुताविक छुट्याइएको रकम सुनिश्चित गर्नेछन् ।

(ङ) भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्ययोजनाको कार्यान्वयनबाट प्राप्त भएका सुधार एवं परिवर्तनहरू अभिलेखीकरण गरिनेछन् र विभिन्न संचारका माध्यमहरूद्वारा प्रचार प्रसार गरिनेछन् । यस प्रक्रियामा पारदर्शी सुनिश्चित गरिनेछ ।

(च) भन्सार सुधारका सकारात्मक पक्षहरुका सम्बन्धमा भन्सारका सरोकारवालाहरु बीच सचेतना जागरण गर्ने एक सूचना सम्प्रेषण रणनीति अपनाइने छ । यसमा केही व्यापार विपरित परिस्थिति सम्मिलन गरेर व्यापार सहजीकरणका लागि राजस्व संकलन व्यवस्थापनको उपयोगिताको पनि व्याख्या गरिने छ जुन सबैका लागि सन्तुष्टि दिने नहुन पनि सक्छ । यसले भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्ययोजना प्रतिको स्थानीय अपनत्वलाई अझ वृद्धि गर्न सघाउने छ र यसको कार्यान्वनयमा मुख्य सरोकारवालाहरूको सहभागितालाई प्रोत्साहित गर्नेछ । यो यसकारण पनि महत्वपूर्ण छ कि यसले कार्यान्वयनमा विश्वास सिर्जना गर्न प्रक्रिया स्पष्ट गर्दछ र उपलब्धिहरु प्रदर्शन गर्दछ ।

भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजनाको कार्यान्वयन योजना परिशिष्ट २ मा दिइएको छ ।

## ७. वित्तीय व्यवस्थापन

भन्सार विभागले भन्सार सेवाहरुको सहजीकरण, निर्देशन, र नियमन गर्ने गरी अर्थ मन्त्रालयमा वजेटका लागि कार्यक्रम तथा वित्तीय योजना पेश गर्नेछ । भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्ययोजनाको कार्यान्वयनका लागि वित्तिय श्रोत नपुग भएमा विकासका साझेदारहरूरुबाट सहयोग लिईनेछ । नेपाल सरकारको कानून वमोजिम आर्थिक कारोवारको महालेखा परीक्षकको कार्यालयबाट लेखा परीक्षण गरिनेछ ।

वैदेशिक सहायता नेपाल सरकारको वजेट मार्फत लिईनेछ । भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्ययोजना (२०१७-२०२१) कार्यान्वयन गर्न देहाय वमोजिम रू.१० अर्व २० करोड ६० लाख अर्थात् अमेरिकी डलर ९ करोड ४० लाख लागत अनुमान गरिएको छः

(रू.०००मा)

| सि.नं. | रणनीति | रकम |
|---|---|---|
| १. | व्यापार सहजीकरण गर्ने | १५२८५० |
| २. | सदाचार र सुशासन प्रवर्द्धन गर्ने | ३६८४० |
| ३. | भन्सार स्वचालन र तथ्याङ्क भण्डारण व्यवस्थापनमा जोड दिने | २०७८५०० |
| ४. | जनशक्ति व्यवस्थापन र क्षमता विकास गर्ने | १८५८१० |

| | | |
|---|---|---|
| ५. | पूर्वाधार निर्माण तथा भौत्तिक सुविधामा वृद्धि गर्ने | ६९५७७०० |
| ६. | यात्रु जाँचपासमा सुधार गर्ने | २६७५४० |
| ७. | यथार्थ राजस्व संकलन गर्ने | ८६८८० |
| ८. | अनुपालन व्यवस्थापन/स्वेच्छिक अनुपालन सुदृढ गर्ने | २२४०० |
| ९. | विकसित जोखिम व्यवस्थापन गर्ने | ८३४६० |
| १०. | समाजको संरक्षण/सुरक्षा र प्रत्याभूति गर्ने | २९८०६० |
| ११. | समन्वयात्मक सीमा व्यवस्थापन गर्ने | ३६३२० |
| | **जम्मा** | **१०२०६३६०** |

भन्सार क्षेत्रमा सहयोगका लागि थुप्रै विकासका साझेदारहरूले इच्छा जाहेर गरेका छन् ।

भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्ययोजना (२०१७-२०२१) कार्यान्वयनका लागि नेपाल सरकार तथा विकासका साझेदारवाट प्रतिवद्धता अनुरुप अनुमानित वजेटः

(रू. लाखमा)

| संस्थाहरू | रू. | अमेरिकी डलर |
|---|---|---|
| नेपाल सरकार | ५६,९१० | ५२० |
| एशियाली विकास वैङ्क | २२,८४० | २१० |
| विश्व वैङ्क | १७,०८० | १६० |
| जम्मा उपलव्ध वजेट | ९६,८३० | ८९० |
| CRMSAP को लागि आवश्यक पर्ने जम्मा वजेट | १,०२,०६० | ९४० |
| श्रोत अन्तराल | ५,२३० | ५० |

(विनिमय दर : अमेरिकीडलर १.रू.१०८.७८)

विस्तृत विवरणका लागि परिशिष्ट ३ हेर्नुहोस् ।

भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्य योजना (२०१७-२०२१) को कार्यान्वयन गर्न कूल रकम रू. ५२ करोड ३० लाख श्रोत नपुग हुने अनुमान गरिएको छ । यसरी नपुग हुने श्रोत एशियाली विकास वैङ्क[३], विश्व व्यापार संगठन आदिबाट प्राप्त हुने प्राविधिक सहयोगवाट पुरा गरिनेछ । साथै, भन्सार विभाग पनि नपुग श्रोत जुटाउन प्रयासरत रहनेछ । वैदेशिक सहायताको प्रतिवद्धताका वावजुद पनि रकम अपुग हुन गएमा सरकारले तत् सम्बन्धमा आवश्यक कदम चाल्नेछ र नपुग हुने श्रोत पूर्ति गर्नेछ ।

## ८. अनुगमन, प्रतिवेदन र मूल्याङ्कन

भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्ययोजनाको परिणाम तथा क्रियाकलापहरू भन्सार विभाग तथा कार्यालयहरुको अनुगमन प्रक्रियासंग आवद्ध गरिने छन् । निम्न कुराहरूमा अनुगमन केन्द्रित रहनेछन्:

३ एशियाली विकास वैङ्कबाट अमेरिकी डलर १० लाख निकासा भएको छ ।

(क) योजनावद्ध क्रियाकलापहरू,

(ख) मुख्य कार्यक्रमहरूमा वजेट बाँडफाँट, र

(ग) नतिजा एवम् लक्षित सूचकहरूको उपलव्धिको प्रगति समेत उपलब्धि सूचकहरू र क्रियाकलाप प्राप्तिका लागि अनुशरण गरिएको प्रक्रिया ।

भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं क्रियाकलापको अनुगमन गर्न प्रणालीको विकास गरिनेछ । अनुगमनको आगत नतिजा तथा उपलव्धि लाई सघाउ पुऱ्याउन गुणस्तरीय सूचकाङ्कको रुपमा कार्यगत क्षेत्र सर्वेक्षण र व्यवस्थापन सूचना प्रणालीका औजारहरुको उपयोग गरिनेछ । भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं क्रियाकलापको अनुगमनका लागि औपचारिक प्रतिवेदन संयन्त्रको स्थापना गरिनेछ ।

अनुगमन र मूल्याङ्कन उद्देश्यका लागि आवश्यकतानुसार वेसलाईन सर्भे गरिनेछ । कार्य सञ्चालनका क्रियाकलाप तथा प्रक्रियाहरु काम शुरू गर्दाका वखत वा काम शुरू गर्नु पूर्व एवं कार्यान्वयनका अवस्थामा अभिलेखन गरिनेछ ।

नतिजा एवम् क्रियाकलापहरूको अनुगमनले कम्तीमा पनि देहायका कुराहरूलाई समेट्नेछः

(क) कार्यतालिका अनुरूप योजनावद्ध क्रियाकलापहरू कार्यान्वयन गरिएका हुन वा होइनन्,

(ख) क्रियाकलापहरूका लागि आवश्यक रहेको सुपरिवेक्षण नियमित रूपमा गरिएको छ, छैन,

(ग) वार्षिक योजना सञ्चालनले व्यहोरेको खर्चको अनुपातमा कार्यान्वयन प्रगति छ, छैन, र

(घ) खर्चका विवरणहरू, बिल भर्पाइहरू, रसिदहरू, कागजातहरू नियमसंगत राखिएका छन्, छैनन् ।

भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्ययोजनामा समावेश गरिएका सम्पूर्ण क्रियाकलापहरूको स्व-मूल्याङ्कनका लागि भन्सार विभाग उत्तरदायी हुनेछ । भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्ययोजना सञ्चालनका लागि यसले स्व-मूल्याङ्कन, लेखाजोखा र निरन्तर सुधारलाई सुनिश्चित गर्नेछ ।

भन्सार सुधार तथा आधुनिकीकरण रणनीति कार्ययोजना (२०१७-२०२१) परिशिष्ट ४ मा दिइएको छ ।

# अनुसूची-१
## भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजनाको नतिजा ढाँचा

| नतिजाहरु | | सूचकहरु | प्रमाणीकरणका साधनहरू | जोखिम तथा पूर्वानुमानहरु |
|---|---|---|---|---|
| प्रभाव | जवाफदेही भन्सार प्रशासन स्थापित हुनेछ | **२०७७ आषाढसम्ममा:**<br>• भन्सारको कार्य प्रक्रिया स्वचालीत हुनेछ[1]<br>• भन्सारको सेवाबाट सन्तुष्ट सेवाग्राहीको संख्या बृद्धि भएको हुनेछ ।<br>• OECD को व्यापार सहजीकरण सूचकहरुको प्राप्ति डाटामा समग्रमा १.३ भएको हुनेछ (२०१५ को आधार सूचना: ०.८) । | • भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन<br>• सेवाग्राही सन्तुष्टी सर्भेक्षण प्रतिवेदन (आधार सर्भेक्षण र अन्तिम सर्भेक्षण)<br>• OECD को व्यापार सहजिकरण सूचकहरुको डाटा | |
| **उपलब्धि १** | **व्यवसायिक तथा प्रतिस्पर्धी भन्सार सेवा:** भन्सारको छवी बढाउने र व्यापार सहजीकरण एवं यात्रुहरुलाई सघाउन सामर्थ्य भन्सार व्यवस्थापन । | • आयात र निर्यातको लागि अवश्यक कागजातको संख्या दक्षिण एशियाको सबभन्दा राम्रो कार्य सम्पादन भएको देशको तहमा पुऱ्याइएको हुनेछ ।<br>• Time Release Study अनुसार भन्सारमा समय समायोजन गरिएको हुनेछ ।<br>• नेपाल भन्सार स्वचालन प्रणाली (NECAS) का नयाँ functionalities[2] सुरु गरिएको हुनेछ । | • भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन<br>• भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन | • राष्ट्रिय नीति भन्सारको प्राथमिकता अनुकूल रहनेछ ।<br>• भन्सारमा विकास साभेदारहरुको निरन्तर सहयोग हुनेछ । |
| **उपलब्धि २** | **यथार्थ राजस्व सङ्कलन:** कानूनको परिपालन तथा कार्यान्वयनमा सुधार र चुहावट नियन्त्रण गरी पैठारी हुने मालवस्तुमा भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क र अन्य करहरुको सङ्कलन बढाउने । | कूल ग्राहस्थ उत्पादनमा भन्सार राजस्वको प्रतिशत | भन्सार तथ्याङ्क | |

---

[1] **कार्यप्रक्रिया भन्नाले** मूल्याङ्कन, जाँचपास पछिको परीक्षण, पूर्वादेश, आगमनपूर्व भन्सार जाँचपास प्रक्रिया, मालवस्तुको द्रुत जाँचपास, जोखिम व्यवस्थापन र विश्वसनीय व्यापारिक कार्यक्रमलाई बुझाउनेछ ।

[2] फुटनोट १ हेर्नुहोस ।

| नतिजाहरु | | सूचकहरु | प्रमाणीकरणका साधनहरू | जोखिम तथा पूर्वानुमानहरु |
|---|---|---|---|---|
| **उपलब्धि ३** | **सामाजिक संरक्षण र सुरक्षा :** मुलुकमा अवैध व्यापार एवं हानिकारक मालवस्तुको ओसारपसारलाई निषेध गर्न मालवस्तुको परिवहन, ढुवानीका साधन एवं ढुवानी उपकरणहरू (कन्टेनर, प्यालेट्स, क्रेट्स) उपर निगरानी एव नियन्त्रण र अन्य उपायहरू अपनाइने छन् | ▪ ७ वटा मुख्य भन्सार कार्यालयका प्रयोगशाला (जनावर, खाद्य र वोट विरुवा) परीक्षण कार्य एउटै छानामुनी आवद्ध गरिएको हुनेछ ।<br>▪ मालवस्तुमा भएको चिन्ह पहिचान गर्न १० वटा मुख्य भन्सार कार्यालयहरुमा चिन्ह पत्ता लगाउने उपकरण (Trace detecting equipment) प्रयोग भएको हुनेछ । | ▪ भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन<br>▪ भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन | |
| रणनीतिहरु | | | | |
| **उपलब्धि -१: व्यवसायिक तथा प्रतिस्पर्धी भन्सार सेवा:** भन्सारको छवी बढाउने र व्यापार सहजीकरण एवं यात्रुहरुलाई सघाउन सामर्थ्य भन्सार व्यवस्थापन । | | | | |
| रणनीति १ | व्यापार सहजीकरण गर्ने | ● भन्सार विभागले विश्व व्यापार संगठनको व्यापार सहजीकरण सम्झौता, संसोधित क्योटो महासन्धिको सामान्य अनुसूची र अन्य समकालीन अन्तर्राष्ट्रिय पद्धति एवं मापदण्डहरुलाई कार्यान्वयन गर्न उपयुक्त कानून तथा नीति बनाउने र प्रशासनिक उपायहरू अपनाउनेछ । | ● कानून तयार भएको हुनेछ । | |
| | | ● २०७७ आषाढ सम्ममा क्रियाशिल विश्वसनिय व्यवसायीहरुको संख्या | ● भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन | |
| रणनीति २ | सदाचार र सुशासन प्रवर्द्धन गर्ने | ● कार्य सम्पादनका मुख्य सूचकहरु तयार गरी आ. व. २०७६/७७ देखि कर्मचारीको कार्य सम्पादन मूल्याङ्कनसँग आवद्ध गरिएको हुनेछ ।<br>● आ. व. ०७५/७६ देखि भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजनापूर्ण रुपमा भन्सारको वार्षिक कार्यक्रम तथा वजेटमा (भन्सारको एउटा बार्षिक योजना) एकिकृत भएको हुनेछ ।<br>● भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजनाको समीक्षा | ● मुख्यकार्य सम्पादनका सूचकहरुको बार्षिक प्रतिवेदन<br>● एकीकृत बार्षिक योजना<br>● भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन | |

| नतिजाहरु | | सूचकहरु | प्रमाणीकरणका साधनहरू | जोखिम तथा पूर्वानुमानहरु |
|---|---|---|---|---|
| | | (चौमासिक) भई बार्षिक रुपमा प्रकाशित भएको हुनेछ। | | |
| रणनीती ३ | भन्सार स्वचालन र तथ्याङ्क व्यवस्थापन सुदृढ गर्ने | ● सबै घोषणाहरुको (आयात र निर्यात) ९० प्रतिशत नेपाल भन्सार स्वचालन प्रणाली (NECAS) बाट प्रशोधित भएको हुनेछ।<br>● केन्द्रिकृत भन्सार जाँचपास लागू गरिएको हुनेछ।<br>● नेपाल राष्ट्रिय एकद्वार प्रणाली विकास गरी NECAS र अन्य छानिएका निकायहरुसँग परीक्षण र आवद्ध भएको हुनेछ। | ● भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन<br>● भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन<br>● भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन | |
| रणनीति ४ | मानव संसाधन व्यवस्थापन र क्षमता विकास गर्ने | ● नयाँ संगठनात्मक संरचनामा भन्सार प्राविधिक एवं कार्यात्मक विज्ञहरुको व्यवस्था गरी भन्सार कर्मचारीहरु मध्येबाट कर्मचारीहरुको क्षमता विकास भएको हुनेछ<br>● नँया संगठनात्मक संरचनामा Pool of Expert योजना अनुसार प्राविधिक एवं कार्यात्मक विज्ञहरु भन्सार विभागमा व्यवस्था गरिएको हुनेछ।<br>● प्रमुख विषयहरुमा विश्व भन्सार संगठनबाट मान्यता प्राप्त विज्ञहरु विकास गरिएको हुनेछ। | ● भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन<br>● भन्सार विभागको पुन:संरचित संगठन संरचना<br>● भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन | |
| रणनीति ५ | भौतिक सुविधा एवं पूर्वाधार विकास गर्ने | ● मुख्य मुख्य भन्सार कार्यालयहरु आवश्यक उपकरण र औजार सहित क्रियाशील रहेका हुनेछन।<br>● बार्षिक योजनाका कार्यक्रमहरु मध्ये ९० प्रतिशत भौत्तिक प्रगति हासिल भएको हुनेछ। | ● भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन<br>● भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन | |
| रणनीति ६ | यात्रु जाँचपासमा सुधार गर्ने | ● मुख्य मुख्य भन्सार कार्यालयमा यात्रु मार्ग विकास भएको हुनेछ।<br>● मुख्य ६ वटा भन्सार कार्यालयमा उपकरणमा आधारित जाँचपास प्रक्रिया अवलम्वन भएको हुनेछ।<br>● अन्तर्राष्ट्रिय विमान स्थल | ● भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन<br>● भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन<br>● भन्सार विभागको बार्षिक | |

| नतिजाहरु | | सूचकहरु | प्रमाणीकरणका साधनहरू | जोखिम तथा पूर्वानुमानहरु |
|---|---|---|---|---|
| | | (हरु)मा यात्रु नामावली अभिलेख/अग्रीम यात्रु सूचना प्रणाली शुरु भएको हुनेछ। | प्रगति प्रतिवेदन | |
| **उपलब्धि-२: यथार्थ राजस्व सङ्कलन गर्ने:** कानूनको परिपालना तथा कार्यान्वयनमा सुधार र चुहावट नियन्त्रण गरी पैठारी हुने मालवस्तुबाट भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्त:शुल्क तथा अन्य करहरु मार्फत बढी राजस्व सङ्कलन गर्ने। | | | | |
| रणनीति ७ | यथार्थ राजस्व सङ्कलन गर्ने | • बार्षिक e-Payment अवलम्वन गर्नेको संख्या। | • भन्सारको व्यापार तथ्याङ्क प्रतिवेदन | |
| | | • सबै भन्सार कार्यालयहरुमा सवारी साधनको अस्थायी प्रवेश व्यवस्थित भएको हुनेछ। | • भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन | |
| | | • सन २०१५ को Doing Business नेपालको तुलनामा भन्सार जाँचपास लागत घटेको हुनेछ। | • भन्सारको व्यापार तथ्याङ्क प्रतिवेदन | |
| रणनीति ८ | अनुपालन व्यवस्थापन/ स्वेच्छिक अनुपालनालाई बढाउने | • ६० प्रतिशत आयातकर्ता र निर्यातकर्ता स्वेच्छिक अनुपालना र उनीहरुको अधिकार र कर्तव्य प्रति जागरुक भएका हुनेछन।<br>• स्वेच्छिक अनुपालना बृद्धि भई संशोधित घोषणाको संख्या र जरिवाना घटेको हुनेछ। | • सर्भेक्षण प्रतिवेदन<br>• NECAS तथ्याङ्क | |
| **रणनीति ९** | विकसित जोखिम व्यवस्थापन गर्ने | • जोखिम व्यवस्थापनको लागि भन्सारमा NECAS क्रियाशील रहेको हुनेछ।<br>• मुख्य भन्सार कार्यालयहरुमा छनौट प्रणालीका सवै मार्गहरु (रातो, हरियो, निलो र पहेलो) प्रयोग भएको हुनेछ।<br>• आयातित कार्गोको ८० प्रतिशत पहेलो र हरियो मार्गबाट जाँचपास भएको हुनेछ। | • NECAS तथ्याङ्क<br>• भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन<br>• भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन | |
| **उपलब्धि-३: सामाजिक संरक्षण एवं सुरक्षा:** मुलुकमा अवैध व्यापार र हानीकारक मालवस्तुहरूको आवागमनलाई निषेध गर्न मालवस्तुको परिवहन, ढुवानीका साधनहरू र ढुवानीका उपकरणहरू (कन्टेनर, प्यालेट्स, क्रेट्स) उपर निगरानी एवं नियन्त्रणका अन्य उपाय एव रणनीति अपनाइनेछ। | | | | |
| रणनीति १० | समाजको संरक्षण, सुरक्षा र प्रत्याभूति गर्ने | • २०७७ आषाढ सम्ममा ७ वटा भन्सार कार्यालयहरुमा एक्सरेबाट मालवस्तु जांच गर्ने प्रविधिको अवलम्वन भएको हुनेछ। | • भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन | |
| रणनीति ११ | समन्वयात्मक सीमा व्यवस्थापन गर्ने | • समन्वयात्मक सीमा व्यवस्थापनको लागि कानूनी व्यवस्था कार्यान्वयन भएको हुनेछ। | • कानून तयार गरी कार्यान्वयन गरिएको हुनेछ। | |

| नतिजाहरु | | सूचकहरु | प्रमाणीकरणका साधनहरू | जोखिम तथा पूर्वानुमानहरु |
|---|---|---|---|---|
| | | • समन्वयात्मक सीमा व्यवस्थापन अन्तर्गत बिभिन्न सीमा व्यवस्थापन सम्बन्धी निकायहरु आवद्ध भएका हुनेछन् [*] ।<br>• कम्तिमा २ वटा भन्सार कार्यालयहरु एकिकृत जाँच चौकीमा स्थानान्तरण भएका हुनेछन् । | • भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन<br>• भन्सार विभागको बार्षिक प्रगति प्रतिवेदन | |

[*] सीमा व्यवस्थापन संस्था भन्नाले भन्सार, सुरक्षा संस्थाहरु, क्वारेण्टाइन (खाद्य, जनावर र वोट विरुवा), अद्यागमन, port/terminal operators, स्थानीय प्रशासन आदि बुझाउने छ ।

# अनुसूची-२
## भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजनाको कार्यान्वयन योजना

**उपलब्धि १- व्यवसायिक तथा प्रतिस्पर्धी भन्सार सेवाः** व्यापार सहजीकरण एवम् यात्रुहरूलाई सहयोग पुऱ्याउदै आफ्नो छवी सुधार गर्न भन्सार व्यवस्थापन संक्षम र सुदृढ हुनेछ

**रणनीति १: व्यापार सहजीकरण गर्ने**

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.000) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | २०७७/७८ (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| १.१ निकासी पैठारी एवम् पारवहन प्रक्रियाहरू प्रभावकारी एवम् दक्षतापूर्वक कार्यान्वयन गर्न ऐन कानूनमा सुधार गर्ने । | कानून उपलब्ध हुनेछ | | | | | | | | | | | | | ११०८० | निर्देशक, महसुल शाखा |
| १.२ निकासी पैठारीका लागि आवश्यक पर्ने कागजातहरूको पुनरावलोकन गर्ने । | कागजात घटाउने कानूनको मस्यौदा उपलब्ध हुनेछ | | | | | | | | | | | | | ७३९० | निर्देशक, महसुल शाखा |
| १.३ विश्वसनीय व्यवसायी (Trusted Traders) कार्यक्रम थालनी गर्ने र आधिकारिक आर्थिक संचालक (AEO) को योजना बनाउने | क्रियाशील विश्वसनीय व्यवसायीको संख्या | | | | | | | | | | | | | १६२९० | निर्देशक, भन्सार सुधार शाखा |
| १.४ विलम्वित(Deferred) भुक्तानी पद्धति अध्ययन गर्ने | संशोधित कानून उपलब्ध हुनेछ | | | | | | | | | | | | | ८७० | निर्देशक, ईन्टलिजेन्स शाखा |
| १.५ भन्सार महसुल दरहरुको पुनरावलोकन गर्ने | भन्सार महसुल दरहरुको पुनरावलोकन गर्न सिफारिस भएको हुनेछ | | | | | | | | | | | | | १८७० | निर्देशक, महसुल शाखा |
| १.६ पूर्वादेशको विकास एवम् कार्यान्वयन गर्ने । | पूर्वादेश प्रक्रिया कार्यान्वयन भएको हुनेछ | | | | | | | | | | | | | २४५० | निर्देशक, महसुल शाखा |
| १.७ टाईम रिलिज अध्ययन गर्ने । | ४ वटा भन्सार कार्यालयहरुको टाईम रिलिज अध्ययन भएको हुनेछ | | | | | | | | | | | | | १८३२० | निर्देशक, भन्सार सुधार शाखा |

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.000) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | २०७७/७८ (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| १.८ सेवाग्राही सेवा कक्षहरूको स्थापना र प्रभावकारी सञ्चालन गर्ने । | ६ वटा मुख्य भन्सारमा सेवाग्राही सेवा कक्ष क्रियाशिल रहेको[1] हुनेछ | | | | | | | | | | | | | ६५५८० | निर्देशक, योजना तथा सेवा शाखा |
| १.९ भन्सारको वेबसाइट सुधार र अद्यावधिक गर्ने । | भन्सार बिभाग र मुख्य भन्सार कार्यालयहरुको वेबसाइट सुधार र अद्यावधिक भएको हुनेछ | | | | | | | | | | | | | ५३६० | निर्देशक, योजना तथा सेवा शाखा |
| १.१० भन्सार सरोकारवालाहरूसँगको सहकार्य प्रवर्द्धन र सुधार गर्ने । | केन्द्रिय र स्थानीय तहमा हुने बैठक अन्तरक्रियाको संख्या | | | | | | | | | | | | | १८६७० | निर्देशक, भन्सार सुधार शाखा |
| १.११ अन्य भन्सार प्रशासनहरूसँग सूचना आदनप्रदान गर्ने । | सफ्टवेयर उपलब्ध हुनेछ | | | | | | | | | | | | | ३३६० | निर्देशक, भन्सार सुधार शाखा |
| १.१२ गुनासो सुनुवाई व्यवस्थापन संयन्त्र स्थापना गर्ने । | गुनासो सुनुवाई भएको संख्या | | | | | | | | | | | | | १०७० | निर्देशक, अनुगमन शाखा |
| १.१३ द्रुत जाँचपास (Expedited shipment) कार्यान्वयन गर्ने | द्रुत जाँचपास सम्बन्धी कानून लागू भएको हुनेछ | | | | | | | | | | | | | ५४० | निर्देशक, भन्सार सुधार शाखा |
| | **अनुमानित कुल लागत** | | | | | | | | | | | | | १५२८५० | |

[1] मुख्य /प्रमुख भन्सार भन्नाले राजस्व सङ्कलनमा अंग्रज रहेका भन्सार कार्यालय बुझाउने छ ।

**रणनीति २: सदाचार र सुशासन प्रवर्द्धन गर्ने**

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.000) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/२०७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | २०७७/७८ (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| २.१ संगठनको स्व–मूल्याङ्कन सम्पन्न गर्ने । | समयसहितको सुधारका कार्यक्रमहरु स्वीकृत तथा कार्यान्वयन भएको हुनेछ | | | | | | | | | | | | | ३१०० | निर्देशक, भन्सार सुधार शाखा |
| २.२ सदाचार योजना तयार गर्ने । | योजना कार्यान्वयन भई सो अनुरुप परिपालना भएको हुनेछ | | | | | | | | | | | | | ४०६० | निर्देशक, प्रशासन शाखा |
| २.३ पुरस्कार र दण्ड प्रणाली थालनी गर्ने । | भन्सारमा पुरस्कार समयमा प्रदान गरिएको हुनेछ (कम्तिमा अर्को महिनासम्ममा) | | | | | | | | | | | | | १६८० | निर्देशक, प्रशासन शाखा |
| २.४ भन्सारमा कार्यसम्पादनमा आधारित व्यवस्थापन प्रणालीको विकास गर्ने । | चौमाशिक अनुगमन प्रतिवेदनमा कार्य सम्पादन प्रतिवेदन समावेश भएको हुनेछ | | | | | | | | | | | | | २२०० | निर्देशक, अनुगमन शाखा |
| २.५ भन्सार विभागको वार्षिक योजनामा भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजना एकीकृत गर्ने । | भन्सारको एउटा एकिकृत बार्षिक योजना क्रियाशील भएको हुनेछ | | | | | | | | | | | | | ११०२० | निर्देशक, योजना तथा सेवा शाखा |
| २.६ भन्सार सुधार तथा आधुनिकीकरण रणनीति एवं कार्य योजनाको कार्य सम्पादन अनुगमन गर्ने । | अनुगमन ढाँचा अनुसार चौमाशिक तथा बार्षिक समिक्षा सम्पन्न भएको हुनेछ | | | | | | | | | | | | | ६३१० | निर्देशक, अनुगमन शाखा |

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.000) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/२०७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | २०७७/७८ (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| २.७ खरिद योजना वनाउने र व्यवस्थापन गर्ने । | खरिद सम्बन्धी कार्य कार्य सम्पादन सूचकमा समावेश भएको हुनेछ | | | | | | | | | | | | | ७२८० | निर्देशक, प्रशासन शाखा |
| २.८ भन्सार विभागले आफै आफ्ना भूमिका र जिम्मेवारीहरूको प्रभावकारी र दक्षताका साथ कार्यान्वयन गर्न सक्षम हुने गरी पर्याप्त कोषको व्यवस्था गर्ने | अर्थ मन्त्रालयमा प्रस्ताव पेश भएको हुनेछ | | | | | | | | | | | | | ११९० | निर्देशक, प्रशासन शाखा |
| **अनुमानित कुल लागत** | | | | | | | | | | | | | | **३६८४०** | |

**रणनीति ३: भन्सार स्वचालन र तथ्याङ्क व्यवस्थापनमा जोड दिने**

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.000) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | (२०७७/७८) (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| ३.१ नेपाल भन्सार स्वचालन प्रणालिलाई सुधार गर्ने । | नेपाल भन्सार स्वचालन प्रणालि सबै मुख्य भन्सार कार्यालयमा बिस्तार भएको हुनेछ | | | | | | | | | | | | | २५३८४० | निर्देशक, सूचना प्रविधि शाखा |
| ३.२ प्रमुख भन्सार कार्यालयहरूसँगको सूचना सञ्जाल (कनेक्टीभिटी) सुधार गर्ने । | भन्सार कार्यालय देखि भन्सार बिभागसम्म न्यूनतम ३ स्तरको सूचना सञ्जाल हुनेछ | | | | | | | | | | | | | ४७३२० | निर्देशक, सूचना प्रविधि शाखा |
| ३.३ कम्प्यूटर उपकरणको | कम्प्यूटर/उपकरण खरीद र हस्तान्तरण अभिलेख | | | | | | | | | | | | | १६५९३० | निर्देशक, सूचना प्रविधि शाखा |

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.০০০) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | (२०७७/७८) (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| उपयोगबाट भन्सारको सञ्चालन प्रभावकारिता स्तर अभिवृद्धि गर्ने । | उपलब्ध हुनेछ | | | | | | | | | | | | | | |
| ३.४ सूचना संचार प्रविधि पूर्वाधार उपयोग गरी कार्य सञ्चालनका सबै क्षेत्रहरूमा भन्सारको क्षमता अभिबृद्धि गर्ने | भन्सारमा आवश्यक पूर्वाधार उपलब्ध भएको हुनेछ | | | | | | | | | | | | | २३४० | निर्देशक, सूचना प्रविधि शाखा |
| ३.५ नेपाल भन्सार स्वचालन प्रणालिका कार्यविधिहरुको Mobile Application तयार गर्ने | सफ्टवेयर क्रियाशिल हुनेछ | | | | | | | | | | | | | ४५१० | निर्देशक, सूचना प्रविधि शाखा |
| ३.६ नेपाल राष्ट्रिय एकद्वार प्रणाली विकास र सञ्चालन गर्ने । | भन्सार प्रणाली न्यूनतम १० संस्थाहरुसँग आवद्ध भएका हुनेछ | | | | | | | | | | | | | १५८०३८० | निर्देशक, सूचना प्रविधि शाखा |
| ३.७ भन्सारका सम्पूर्ण तथ्यांङ्कका लागि सुरक्षित डेटा वयेरहाउस तयार गर्ने | छुट्टै सर्भरमा डेटा वयरहाउस सञ्चालन भएको हुनेछ | | | | | | | | | | | | | ४३० | निर्देशक, सूचना प्रविधि शाखा |
| ३.८ आवधिक जाँच र प्रणाली परीक्षण गर्ने । | भन्सार बिभाग र कार्यालयहरुमा आवधिक जाँच र प्रणाली परीक्षण प्रतिवेदन उपलब्ध हुनेछ | | | | | | | | | | | | | १०८०० | निर्देशक, सूचना प्रविधि शाखा |
| ३.९ सूचना प्रसार गर्ने । | संयुक्त डेटा बार्षिक रुपमा प्रकाशन भएको हुनेछ | | | | | | | | | | | | | ६३५० | निर्देशक, तथ्याङ्क शाखा |

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.०००) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | (२०७७/७८) (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| ३.१० एजेन्ट व्यवस्थापन प्रणाली विकास गर्ने । | प्रणाली विकास गर्न कार्य विवरण सहितको टोली गठन भएको हुनेछ | | | | | | | | | | | | | ६६०० | निर्देशक, सूचना प्रविधि शाखा |
| | **कुल अनुमानित लागत** | | | | | | | | | | | | | २०७८५०० | |

**रणनीति ४: जनशक्ति व्यवस्थापन र क्षमता विकास गर्ने**

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.०००) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | २०७७/७८ (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| ४.१ जनशक्ति विकास गुरुयोजना स्वीकृति र कार्यान्वयन गर्ने | जनशक्ति विकास गुरुयोजना स्वीकृति र कार्यान्वयन भएको हुनेछ | | | | | | | | | | | | | १३१० | निर्देशक, प्रशासन शाखा |
| ४.२ सांगठनिक संरचनाको पुनरावलोकन गर्ने । | २०१९ सम्ममा पुनसंरचित भन्सार प्रशासन क्रियाशील भएको हुनेछ | | | | | | | | | | | | | ७००० | निर्देशक, प्रशासन शाखा |
| ४.३ भन्सार प्रशासनको प्राविधिक क्षमता विकास गर्ने | भन्सार कार्यालयका ८०% कर्मचारीलाई तालिम प्रदान भएको हुनेछ | | | | | | | | | | | | | १३४२०० | निर्देशक, प्रशासन शाखा |
| ४.४ लगत र अभिलेख पद्धति अभिवृद्धि गर्ने । | लगत अभिलेख निर्णय प्रक्रियामा प्रयोग भएको हुनेछ | | | | | | | | | | | | | ४५२० | निर्देशक, प्रशासन शाखा |
| ४.५ राजस्व बाहेकका कार्यहरूका लागि पनि तालिम प्रदान गर्ने । | तालिम कार्यक्रमहरुको संख्या | | | | | | | | | | | | | २८८० | निर्देशक, प्रशासन शाखा |

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.०००) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | २०७७/७८ (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| ४.६ भन्सार व्यावसायमा संलग्न भन्सार एजेन्ट र सरोकारवालाहरूको कार्यसम्पादनस्तर अभिवृद्धि गर्न सहजीकरण तथा सहयोग प्रदान गर्ने । | बार्षिक न्यूनतम २ तालिम कार्यक्रम आयोजना भएको हुनेछ | | | | | | | | | | | | | ४७९० | निर्देशक, प्रशासन शाखा |
| ४.७ समन्वयात्मक सीमा व्यवस्थापन बिषयमा क्षमता विकास गर्ने । | सबै भन्सार कार्यालयका कर्मचारीहरुलाई समन्वयात्मक सीमा व्यवस्थापन तालिम प्रदान भएको हुनेछ | | | | | | | | | | | | | ७७०० | निर्देशक, भन्सार सुधार शाखा |
| ४.८ अनुपालन व्यवस्थापन (स्वेच्छिक अनुपालन समेत) बिषयमा क्षमता विकास गर्ने । | अनुपालन व्यवस्थापनमा ७५% कर्मचारीहरुलाई तालिम प्रदान भएको हुनेछ | | | | | | | | | | | | | ३५७० | निर्देशक, प्रशासन शाखा |
| ४.९जोखिम व्यवस्थापन क्षमता विकास गर्ने । | सबै भन्सार कार्यालयका कम्तिमा १ जना कर्मचारीले जोखिम व्यवस्थापन तालिम प्राप्त गरेका हुनेछन | | | | | | | | | | | | | ९७० | निर्देशक, प्रशासन शाखा |
| ४.१० नेतृत्व, व्यवस्थापन र व्यवसायिक क्षमता अभिबृद्धि गर्ने । | कम्तिमा २० भन्सार कार्यालयका कर्मचारीहरु विदेशमा छोटो अवधिको तालिममा सहभागी भएका हुनेछन | | | | | | | | | | | | | १०७२० | निर्देशक, प्रशासन शाखा |

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.०००) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | २०७७/७८ (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| ४.११ भन्सारमा कर्मचारीहरू कायम (Retain) राख्ने । | भन्सारमा अधिकृत कर्मचारीहरु पदस्थापना र सरुवा गर्दा पालनागर्नुपर्ने क्षमता/योग्यता विधि (Elligibility Criteria) उपलब्ध हुनेछ | | | | | | | | | | | | | ३५० | निर्देशक, प्रशासन शाखा |
| ४.१२ भन्सार उप-समूह सिर्जना गर्ने । | भन्सार उप-समूह गठन भएको हुनेछ | | | | | | | | | | | | | ५४० | निर्देशक, प्रशासन शाखा |
| ४.१३ भन्सारको संस्थागत क्षमतामा सुधार ल्याउन एउटा स्वायत्त राजस्व बोर्ड स्थापना गर्ने । | प्रतिवेदन उपलब्ध - बोर्डको विधान | | | | | | | | | | | | | ६९७० | निर्देशक, प्रशासन शाखा |
| ४.१४ चक्रिय (कार्यात्मक) पद्धतिको पूनःलेखाजोखा गर्ने | सिफारिश सहितको लेखाजोखा प्रतिवेदन उपलब्ध हुनेछ | | | | | | | | | | | | | २९० | निर्देशक, प्रशासन शाखा |
| | **अनुमानित कुल लागत** | | | | | | | | | | | | | **१८५८१०** | |

**रणनीति ५: पूर्वाधार निर्माण तथा भौतिक सुविधा वृद्धि गर्ने**

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.०००) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | २०७७/७८ (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| ५.१ भौतिक पूर्वाधार सुधार गुरूयोजना स्वीकृत गरी लागू गर्ने । | भौतिक पूर्वाधार सुधार गुरूयोजना क्रियाशिल हुनेछ | | | | | | | | | | | | | १०७३६५० | निर्देशक, भन्सार सुधार शाखा |

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.०००) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | २०७७/७८ (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| ५.२ एकीकृत जाँच चौकी र सुक्खा बन्दरगाहहरू निर्माणमा जोड दिंदै भन्सारहरूको समान ढाँचा डिजाईन गर्ने | एकीकृत जाँच चौकी र सुक्खा बन्दरगाहहरू निर्माण भएका हुनेछन | | | | | | | | | | | | | १९०७४५० | निर्देशक, भन्सार सुधार शाखा |
| ५.३ भन्सार कार्यालयहरूका लागि जग्गा प्राप्ति गर्ने | ९ वटा भन्सार कार्यालय | | | | | | | | | | | | | १५७९६४० | निर्देशक, प्रशासन शाखा |
| ५.४ कार्य वातावरण सुधारका लागि भन्सारका भवनहरू निर्माण गर्ने | १० वटा भन्सार कार्यालयहरु र भन्सार बिभागको भवन निर्माण भएको हुनेछ | | | | | | | | | | | | | ९२०४९० | निर्देशक, प्रशासन शाखा |
| ५.५ भन्सार प्रयोगशालाको स्थापना/आधुनिकीकरण गर्ने । | ९ वटा भन्सार कार्यालयहरुमा प्रयोगशाला क्रियाशिल हुनेछ<br>१० वटा प्रमुख भन्सार कार्यालयहरुमा Safety sample drawing corner स्थापित भएको हुनेछ | | | | | | | | | | | | | २१८९२० | निर्देशक, प्रयोगशाला शाखा |
| ५.६ भन्सार स्वचालन प्रणालीको सुनिश्चितताको लागि आधुनिक प्रविधिद्धारा सञ्चालन हुने भौतिक सुविधाहरूको अधिकतम उपयोगलाइ निरन्तरता दिने । | १० वटा भन्सार कार्यालयहरुमा व्यवस्था भएको हुनेछ | | | | | | | | | | | | | ८९३०५० | निर्देशक, योजना तथा सेवा शाखा |

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.000) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | २०७७/७८ (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| ५.७ उत्तरी सीमामा रहेका भन्सारका पूर्वाधारहरूको पूनर्निर्माण गर्ने | ५ वटा भन्सार कार्यालयहरुमा भौतिक पूर्वाधार विकास भएको हुनेछ | | | | | | | | | | | | | ३६४५०० | निर्देशक, भन्सार सुधार शाखा |
| **अनुमानित कुल लागत** | | | | | | | | | | | | | | **६९५७७००** | |

## रणनीति ६: यात्रु जाँचपासमा सुधार गर्ने

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.000) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | २०७७/७८ (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| ६.१ यात्रु मार्ग निर्माण गर्ने । | १० प्रमुख भन्सार कार्यालयमा यात्रु मार्ग सञ्चालन भएको हुनेछ | | | | | | | | | | | | | ९५७२० | निर्देशक, भन्सार सुधार शाखा |
| ६.२ यात्रु जाँचपास सहजीकरण गर्ने । | १० प्रमुख भन्सारमा हरियो र रातो च्यानल स्थापित भएको हुनेछ | | | | | | | | | | | | | १६२९६० | निर्देशक, भन्सार सुधार शाखा |
| ६.३ कुरियर कार्गो जाँचपासका लागि बेग्लै भन्सार एकाइ स्थापना गर्ने | कानून उपलब्ध हुनेछ | | | | | | | | | | | | | १७८० | निर्देशक, महसुल शाखा |
| ६.४ यात्रु अग्रिम सूचना प्रणाली/ यात्रु नाम अभिलेख प्रणाली स्थापना गर्ने | कानून संशोधन गरी कार्यान्वयन भएको हुनेछ | | | | | | | | | | | | | ७०८० | निर्देशक, भन्सार सुधार शाखा |
| **अनुमानित कुल लागत** | | | | | | | | | | | | | | **२६७५४०** | |

**उपलब्धि २: : यथार्थ राजस्व सङ्कलन गर्ने:** कानूनको परिपालना तथा कार्यान्वयनमा सुधार र चुहावट नियन्त्रण गरी पैठारी हुने मालवस्तुबाट भन्सार महसुल, मूल्य अभिवृद्धि कर, अन्तःशुल्क तथा अन्य करको माध्यमबाट बढी राजस्व सङ्कलन गरिनेछ ।

**रणनीति ७: यथार्थ राजस्व सङ्कलन गर्ने**

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.000) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | २०७७/७८ (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| ७.१ भन्सार मूल्याङ्कन परिपालना गराउने वातावरणमा सुधार गर्ने । | आन्तरिक परीक्षण प्रतिवेदन उपलब्ध हुनेछ | | | | | | | | | | | | | ५०४० | निर्देशक, मूल्याङ्कन शाखा |
| ७.२ पैठारी डाटाबेस र कागजातहरूमा मूल्याङ्कन अधिकृतलाई पहुँच दिने | आवश्यक फर्म्याटिङ सहित अन्तिम डाटा टेवल उपलब्ध हुनेछ | | | | | | | | | | | | | १०८० | निर्देशक, मूल्याङ्कन शाखा |
| ७.३ भन्सार विभागमा केन्द्रीय मूल्याङ्कन डाटाबेशको स्थापना गरी प्रयोग गर्ने र भन्सार र तोकिएका अन्य कार्यालयहरूलाई पहुँच उपलब्ध गराउने । | अन्तर्राष्ट्रिय मूल्य सूचक सहितको वेवमा आधारित अद्यावधिक मूल्याङ्कन सफ्टवयर उपलब्ध हुनेछ | | | | | | | | | | | | | ५९८८० | निर्देशक, मूल्याङ्कन शाखा |
| ७.४ घोषित मूल्यको जाँच भन्सार विभागमा जोखिममा आधारित भई गर्ने | अतिरिक्त राजस्व रकमको अनुगमन गर्न प्रणाली स्थापना भएको हुनेछ | | | | | | | | | | | | | ३९० | निर्देशक, इन्टलिजेन्स् शाखा |

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.०००) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | २०७७/७८ (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| ७.५ ASYCUDA World प्रणालीमा मूल्याङ्कन डाटावेश मोड्यूललाई कार्गो जाँचपास सँग आवद्ध गर्न ट्यारिफ स्पेसिफिकेशन कोड (TSC) विकास गर्ने। | ट्यारिफ स्पेसिफिकेशन कोड प्रयोग भएको हुनेछ | | | | | | | | | | | | | ४०१० | निर्देशक, मूल्याङ्कन शाखा |
| ७.६ वस्तु वर्गीकरणमा सुधार गर्ने। | सरोकारवालाहरु सुसूचित भएका हुनेछन | | | | | | | | | | | | | ३२१० | निर्देशक, महसुल शाखा |
| ७.७ उपयुक्त वैकिङ्ग प्रणालीमार्फत पैठारी व्यापार गर्न प्रणाली विकास गर्ने। | पैठारी र निकासीमा वैकिङ्ग प्रणाली प्रयोग भएको हुनेछ | | | | | | | | | | | | | २१०० | निर्देशक, महसुल शाखा |
| ७.८ अनुकरणीय पद्धतिलाई प्रतिविम्वित गर्ने गरी मूल्याङ्कन र जाँचपास पछिको परीक्षणका निर्देशिकाहरू अद्यावधिक गर्ने | कार्यरत अभिलेखको रुपमा निर्देशिकाहरु प्रवाह भई कार्यान्वयन भएका हुनेछन | | | | | | | | | | | | | १५७० | निर्देशक, मूल्याङ्कन शाखा |
| ७.९ जाँचपास परीक्षण कार्यालयको सुदृढीकरण गर्ने | बार्षिक जाँचपास पछिको परीक्षण गरिएको संख्या | | | | | | | | | | | | | १३३० | निर्देशक, मूल्याङ्कन शाखा |
| ७.१० प्रमुख भन्सारहरूमा PCA कार्यालय | सबै भन्सार क्षेत्रमा जाँचपास परीक्षण कार्यालय सञ्चालन | | | | | | | | | | | | | ५५७० | निर्देशक, मूल्याङ्कन शाखा |

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.000) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | २०७७/७८ (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| अन्तर्गत जाँचपास पछिको परीक्षण एकाइ स्थापना गर्ने | भएको हुनेछ | ■ | ■ | ■ | | | | | | | | | | | |
| ७.११ राजस्व प्रणालीको अनुगमन सुदृढगर्ने । | कर्मचारी सहितको अनुगमन सफ्टवयर व्यवस्था भएको हुनेछ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | २७०० | निर्देशक, मूल्याङ्कन शाखा |
| **अनुमानित कुल लागत** | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | **८६८८०** | |

**रणनीति ८: अनुपालन व्यवस्थापन/स्वेच्छिक अनुपालन सुदृढ गर्ने**

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.000) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | २०७७/७८ (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| ८.१ अनुपालन रणनीति दस्तावेज तयार गर्ने | कानून पूनरावलोकन सहितको अनुपालन व्यवस्थापन मार्गदर्शन स्वीकृत भएको हुनेछ | ■ | ■ | ■ | ■ | ■ | ■ | | | | | | | ६०३० | निर्देशक, इन्टलिजेन्स् शाखा |
| ८.२ अनुपालन व्यवस्थापनको निमित्त मापदण्डहरू तोक्ने । | सबै भन्सार कार्यालयहरुमा जोखिम व्यवस्थापनको लागि Client segments उपयोग भएको हुनेछ | | | | ■ | ■ | ■ | | | | | | | ४४५० | निर्देशक, इन्टलिजेन्स् शाखा |
| ८.३ अनुपालन व्यवस्थापन/स्वेच्छिक अनुपालन कार्यान्वयन गर्ने । | भन्सार विभागले चौमासिक प्रगति प्रतिवेदन संकलन गरेको हुनेछ | | | | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ■ | ५२४० | निर्देशक, इन्टलिजेन्स् शाखा |

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.000) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | २०७७/७८ (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| ८.४ अनुपालन प्रणालीको प्रभावकारिता मूल्याङ्कन गर्ने । | सिफारिस सहितको प्रतिवेदन उपलब्ध हुनेछ | | | | | | | | | | | | | २६० | निर्देशक, इन्टलिजेन्स् शाखा |
| ८.५ अनुपालन योजनाको सूचना दिने र सम्प्रेषण गर्ने । | व्यापार सहजीकरण समिति मार्फत विभिन्न व्यापारी तथा सरोकारवालाहरुसँग सम्पन्न कार्यक्रमको संख्या | | | | | | | | | | | | | १५८० | निर्देशक, इन्टलिजेन्स् शाखा |
| ८.६ संस्थागत सहयोग/सहकार्य गर्ने । | आन्तरिक राजस्व विभाग र सम्पत्ती शुद्धिकरण बिभागसँग समझदारी पत्रमा दस्तखत गरी कार्यान्वयन भएको हुनेछ | | | | | | | | | | | | | ३०९० | निर्देशक, इन्टलिजेन्स् शाखा |
| ८.७ अनुपालन व्यवस्थापनको कार्यसम्पादन मापन गर्ने । | सुधारका लागि सिफारिश सहितको कार्य सम्पादन प्रतिवेदन उपलब्ध हुनेछ | | | | | | | | | | | | | १७५० | निर्देशक, इन्टलिजेन्स् शाखा |
| | **अनुमानित कुल लागत** | | | | | | | | | | | | | २२४०० | |

**रणनीति ९: विकसित जोखिम व्यवस्थापन गर्ने**

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत ( रु.000) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमाशिक) | | | २०७५/७६ (चौमाशिक) | | | २०७६/७७ (चौमाशिक) | | | २०७७/७८ (चौमाशिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| ९.१ जोखिम व्यवस्थापन रणनीति विकास गरी कार्यान्वयन गर्ने । | जोखिम पहिचान देखि जोखिम मूल्याङ्कन/जोखिमचक्र सम्बन्धी दस्तावेज उपलब्ध हुनेछ | | | | | | | | | | | | | ११२४० | निर्देशक, इन्टलिजेन्स् शाखा |
| ९.२ सम्बन्धित साझेदारसँग अनुसन्धान (Intelligence), जोखिम व्यवस्थापन सम्बन्धी सूचना आदानप्रदान गर्ने । | पत्राचार, परामर्श, बैठकहरु आदि मार्फत सूचना आदान प्रदान भएको हुनेछ | | | | | | | | | | | | | ४१६० | निर्देशक, इन्टलिजेन्स् शाखा |
| ९.३ सीमावर्ती भन्सार जाँचपास अनुगमन प्रणालीलाई सवल वनाउने । | थप ६ भन्सार कार्यालयहरुमा आइपी क्यामेरा प्रयोग भएको हुनेछ | | | | | | | | | | | | | १०४६० | निर्देशक, इन्टलिजेन्स् शाखा |
| ९.४ कार्गो जाँचपासमा जोड दिई भन्सार वरपर जोखिम व्यवस्थापनका सिद्धान्तहरू स्थापना गर्ने । | Selectivity module/ जोखिम व्यवस्थापन प्रणाली कार्यान्वयन भएको हुनेछ (सफ्टवयर विकास) | | | | | | | | | | | | | ४७०० | निर्देशक, इन्टलिजेन्स् शाखा |
| ९.५ भन्सारको सीलछाप लगाई बन्द कन्टेनरमा कार्गो ढुवानी गर्ने व्यवस्था मिलाउने | कन्टेनर कार्गो प्रणाली कार्यान्वयन भएको हुनेछ | | | | | | | | | | | | | ४९४९० | निर्देशक, अनुगमन शाखा |
| ९.६ जोखिम व्यवस्थापन विस्तार गरी भन्सार विभागको नीति र कार्य सञ्चालनमा पूर्णरूपले एकीकृत गर्ने । | सफ्टवेयर उपलब्ध हुनेछ | | | | | | | | | | | | | ३४१० | निर्देशक, इन्टलिजेन्स् शाखा |
| | **अनुमानित कुल लागत** | | | | | | | | | | | | | **८३४६०** | |

**उपलब्धि ३: सामाजिक सुरक्षा एवं प्रत्याभूति :** मुलुकमा अवैध व्यापार र हानिकारक वस्तुहरूको ओसारपसारलाई रोक्न/निषेध गर्न मालवस्तुको परिवहन, ढुवानीका साधनहरू र ढुवानीका उपकरणहरू (कन्टेनर, प्यालेट्स, क्रेट्स) उपर निगरानी एवम् अन्य प्रकारका नियन्त्रणका रणनीतिहरू र अन्य उपायहरू अपनाइनेछ।

**रणनीति १०: समाजको संरक्षण, सुरक्षा र प्रत्याभूति गर्ने**

| क्रियाकलाप | लक्ष/कोशेढुङ्गा (कार्यसम्पादन सूचक) | समय | | | | | | | | | | | | अनुमानित लागत (रु.०००) | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | २०७४/७५ (चौमासिक) | | | २०७५/७६ (चौमासिक) | | | २०७६/७७ (चौमासिक) | | | २०७७/७८ (चौमासिक) | | | | |
| | | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | १ | २ | ३ | | |
| १०.१ समाजको संरक्षण विषयमा भन्सारको रणनीति तयार गर्ने | रणनीति भन्सार कार्यालयहरुमा वितरण भई कार्यान्वयन भएको हुनेछ | | | | | | | | | | | | | १७७० | निर्देशक, भन्सार सुधार शाखा |
| १०.२ साइटिस र ओजोनका क्षेत्रमा वातावरण संरक्षण गर्ने लगायत सीमावर्ती तस्करी र अवैध व्यापार नियन्त्रण गर्न र नियन्त्रित एवम् हानीकारक वस्तुहरूको परीक्षण गर्नका लागि भन्सार प्रयोगशालाको क्षमता वृद्धि गर्ने । | निर्देशिकाको मस्यौदा तयार गरी सम्बन्धित मन्त्रालयहरुमा पठाइएको हुनेछ | | | | | | | | | | | | | ५८० | निर्देशक, अनुगमन शाखा |
